| | | लेखापरीक्षण आन्तरिक लेखापरीक्षण शाखाले गर्नेछ भन्ने उल्लेख छ । त्यस्तै स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम ५७ अनुसूची ८० मा आवश्यकता अनुसार सहायक कर्मचारी सहितको आन्तरिक लेखापरीक्षण शाखा गठन गर्नुपर्ने व्यवस्था रहेको देखिन्छ ।<br>यसैको आधारमा आन्तरिक लेखापरीक्षण शाखा गठन गरी १ लेखा अधिकृत र १ सहलेखापाल समेत गरी २ जना रहेको देखिन्छ । दरवन्दी अनुसारको कर्मचारी कार्यरत रहेतापनि देहायको अवस्था देखियो ।<br>• जिल्ला विकास समिति अन्तर्गत विषयगत शाखा गा।वि।स।का आय-व्यय र धरौटीको श्रेस्ता मासिक रुपमा लेखापरीक्षण गर्नुपर्नेमा सो अनुसार गरेको देखिएन ।<br>• गाँउ विकास समितिहरुको बेरुजुको लगत राखेको देखिएपनि सम्परिक्षण गर्ने गरेको पाइएन ।<br>स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा २३२ (१) अनुसार जिल्ला विकास समितिको आन्तरिक लेखापरीक्षण कायांलयको आन्तरिक लेखापरीक्षण शाखाले गनुंपनें व्यवस्था छ । यस जिल्ला विकास समितिको आन्तरिक लेखापरीक्षण आन्तरिक लेखापरीक्षण शाखाले गरेको छ । आन्तरिक लेखापरीक्षण शाखाबाट आय-व्यय र धरौटीको श्रेस्ता मासिक रुपमा लेखापरीक्षण गर्नु पर्नेमा चौमासिक रुपमा लेखापरीक्षण गरी बार्षिक रुपमा प्रतिवेदन दिने गरेको पाइयो ।<br>कार्यालय अन्तर्गतका ६० गाउँ विकास समिति सबैको आर्थिक वर्ष समाप्त भएको ४ महिना भित्र आन्तरिक लेखापरीक्षण सम्पन्न गर्नुपर्नेमा लेखापरीक्षण अवधीभित्र भित्र आन्तरिक लेखापरीक्षण शुरु गरेको छैन । जिल्ला विकास समितिको आन्तरिक लेखापरीक्षकले गा.वि.स.को र विकेन्द्रित कार्यालयको पनि आन्तरिक लेखापरीक्षण गर्नुपर्ने हुंदा कार्य बोझको कारणले सममै आ.ले.प. गर्न नसक्नु, आ.ले.प.का कर्मचारीहरुलाई प्रभावकारी तालिमको व्यवस्था नहुनु जस्ता कारण रहेको देखिन्छ ।<br>आन्तरिक लेखापरीक्षकले प्रभावकारी लेखापरीक्षण गरी सो को प्रतिवेदन दिन नसक्दा आर्थिक प्रशासनमा अपेक्षाकृत सुधार हुन सकेको देखिएन । नियमको प्रावधान अनुरुप मासिक रुपमा लेखापरीक्षण गर्ने, सो को प्रतिवेदन दिने र प्राप्त प्रतिवेदनको आधारमा भएका कमी कमजोरीलाई सुधार गर्ने तर्फ आन्तरिक लेखापरीक्षकको साथै सम्बन्धित निकायको ध्यान जानु पर्ने देखिन्छ । | | | |
| | | **कर्मचारी दरबन्दी र पदपूर्ति :**<br>स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को नियम २१७ मा प्राविधिक पदमा बाहेक करार पदमा नियुक्ति गर्दा खुल्ला प्रतियोगिताबाट खास अवधिको लागि नियुक्ति गर्न पाइने व्यवस्था छ । कार्यालयले बर्षौदेखि | | | |

अप्राविधिक पदमा म्याद थप गर्दै आएको पाईयो । करारमा नियुक्त गर्दा स्थानीय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावलिको नियम १५२ र स्थानीय स्वायत्त शासनन नियमावली, २०५६ को नियम २१७ का प्रावधान अनुरुप गर्नुपर्ने देखिन्छ ।

**पदपूर्ति :** निजामती सेवा नियमावली, २०५० को नियम १३ र १३ क बमोजिम पदपूर्ति हुनुपर्ने व्यवस्था उल्लेख छ । कार्यालयले पेश गरेको विवरण अनुसार विभिन्न पदका स्वीकृत दरबन्दी मध्ये निम्नानुसार पदका निम्न दरवन्दी  रिक्त रहेको पाइयो ।

| **पदको नाम** | **स्वीकृत दरबन्दी** | **पदपूर्ति** | **रिक्त दरबन्दी** |
|---|---|---|---|
| ना.सु. | २ | १ | १ (गा.वि.स. सचिव) |
| खरिदार | ४३ | ३२ | ११ ( गा.वि.स. सचिव) |
| **जम्मा** | **४५** | **३३** | **१२** |

उक्त दरवन्दी मध्ये गाउँ विकास समितिका सचिव समेत खाली देखिएकोर स्वायत्त शासनको अवधारण अनुरुप वजेट स्थानीय स्तरमा प्रवाहित हुने तर कार्यान्वयन गर्ने निकायको प्रमुख पदाधिकारीको दरबन्दी अनुसार पदपूर्ति नहुँदा सम्पादन गरिने सेवा प्रवाह गर्न कठिनाई हुने भएकोले रिक्त दरबन्दी पदपूर्ति गर्नेतर्फ आवश्यक प्रक्रिया अघि बढाउनुपर्ने देखिन्छ ।

**कन्टेन्जेन्सी :**

स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ को दफा १४ मा स्थानीय निकायबाट सञ्चालन गरिने कार्यक्रम वा आयोजनालाई कार्यकुशलता, प्रभावकारिता तथा मितव्ययिताको सिद्धान्त अनुसार सञ्चालनमा सहयोग पुर्‍याउन पूंजीगत लगानीको समष्टिगत रकमबाट जिल्ला विकास समितिले अनुसूची ९ मा उल्लेख भए बमोजिम क, ख र ग वर्गका जिल्लामा क्रमश: पाच, चार र तीन प्रतिशत रकम छुट्याई खर्च गर्न सकिने र यस्तो खर्चको हिसाव अनुसूची १० बमोजिमको ढाचामा राख्नुपर्ने व्यवस्था छ । यसरी छुट्याईएको कन्टेन्जेन्सी रकमको खर्च सम्बन्धी कार्ययोजना स्थानीय निकायको परिषद्बाट स्वीकृत गराई स्वीकृत शिर्षकको अधिनमा रही क देखि झ सम्म तोकिएका क्रियाकलाहरुमा मात्र खर्च गर्नुपर्ने व्यवस्था छ । कार्यालयले कन्टिन्जेन्सीमा छुट्याईएको रकमको खर्च सम्बन्धी कार्ययोजना परिषद्बाट स्वीकृत नगराई र खर्चको हिसाव अनुसूची १० बमोजिमको ढांचामा नराखी कन्टिन्जेन्सी खर्च गरेको देखियो ।

कन्टिन्जेन्सी रकमको खर्च सम्बन्धी कार्ययोजना परिषदबाट स्वीकृत नगराउनु र खर्चको अनुसूचीमा उल्लेख भए बमोजिमका ढांचामा अभिलेख नराख्नुमा कार्यालयले प्राथमिकता दिई कार्ययोजना नबनाउनु र अभिलेख नराख्नु देखिन्छ । कार्यालयले कन्टिन्जेन्सी रकम खर्च सम्बन्धी कार्ययोजना बनाई परिषद्बाट स्वीकृत नगराएर खर्च गर्दा र खर्च सम्बन्धी तोकिएको ढांचामा अभिलेख नराख्दा तोकिएका क्रियाकलापमा खर्च भए नभएको हिसाव नदेखिएको र खर्च कार्य व्यवस्थित नहुने देखिन्छ । खर्चलाई व्यवस्थित गर्न र तोकिएको क्रियाकलापमा खर्च गर्न आन्तरिक नियन्त्रणलाई सुदृढ राख्न कार्यविधिमा व्यवस्था भए बमोजिम कार्ययोजना बनाई

| | | परिषद्‌बाट स्वीकृत हुनुपर्ने र खर्चको हिसाव तोकिएको अनुसूची बमोजिमको ढाचामा राख्नुपर्दछ । | | | |
|---|---|---|---|---|---|
| | | **योजना हस्तान्तरण :**<br>स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १५५ (५) (ज) को प्रावधान अनुरुप उपभोक्ता समितिले जिम्मा लिएको निर्माण कार्यसम्पन्न भएपछि सो को रेखदेख, मर्मत संभार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समितिलाई नै हस्तान्तरण गर्नुपर्ने व्यवस्था छ । कार्यालयबाट प्राप्त विवरण अनुसार यस बर्ष सञ्चालित कार्यक्रम मध्ये निम्नानुसारका योजना सम्पन्न भई हस्तान्तरण नभएको देखिन्छ । केहि उदाहरण निम्नानुसार छन् । | | | |

| ब.शि.नं.कार्यक्रमको नाम | सचालित योजना संख्या | सम्पन्न योजना संख्या | सम्पन्न नभएका योजना संख्या | सम्पन्न मध्ये हस्तान्तरण योजना संख्या |
|---|---|---|---|---|
| जि.वि.स.अनुदान | १७७ | १२७ | ५० | ० |
| संस्कृति पर्यटन | १५ | १० | ५ | ० |
| निर्वाचन क्षेत्र | ७० | ६४ | ६ | ० |
| ग्रामीण खानेपानी | २३ | २१ | २ | ० |
| यातायात पुर्वाधार | २० | १९ | १९ | ० |
| साना सिचांई | ३ | ३ | ३ | ० |
| गुम्बा | १९ | १४ | ५ | ० |
| विद्युत रोयल्टी | ५३ | ४६ | ७ | ० |

नियमावलीमा तोकिएको व्यवस्था अनुरुप सम्पन्न योजनाहरु समयमै हस्तान्तरण गर्नुपर्दछ ।

| | | | | | |
|---|---|---|---|---|---|
| | | **पिछडिएको समुदाय उत्थान कार्यक्रमतर्फ (३६५१०८३):**<br>आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ बमोजिम विल भर्पाइ सहितको लेखा राख्नपर्ने व्यवस्था छ । मधेशी, पिछडिएको वर्ग र मुस्लिम उत्थान कार्यक्रम अन्तर्गत रु. १ लाख बजेट व्यवस्था भएकोमा ७ गा.वि.स. स्थित मुस्लिम समुदायका चिहानडाडामा तारवार कम्पाउण्डीङ्ग वापत रु ९००००। तारजाली खरिद तथा ढुवानी सम्बन्धी विल भर्पाइको आधारमा भुक्तानी गरेको छ । खरिद भएको तारवारको उपयोग गरी कम्पाउण्डीङ्ग गर्ने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | | | |
| | | **स्थानीय निकाय वित्तिय आयोग (३६५१०४३):**<br>कार्यसम्पादन प्रतिवेदन वेगर खर्च हुने रकम भुक्तानी गर्न मिल्दैन । यो वर्ष ६६ गाउँ विकास समितिले सम्पादन गरेका कार्यहरुको मूल्यांकन गर्न १४ मूल्यांकनकर्ता नियुक्त भई नियुक्त परामर्श सेवाकर्ताको पारीश्रमिक तथा अन्य व्यवस्थापकीय खर्च वापत रु. ५७००००। वजेट व्यवस्था भएकोमा सोही वरावर खर्च भएको छ । न्युनतम शर्त तथा कार्यसम्पादन मूल्यांकन वापत वुङकोट, ताक्लुङ, लापू, सौरपानी र चम्चेत गाविसको प्रतिवेदन वापत रु. १५२५००। भुक्तानी भएकोमा अग्रिम कर पश्चात आयोगको प्रतिवेदन तथा | १२९६२५।०० | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | रकम बुझेको भर्पाइ संलग्न भएको नपाईएको रु. | | | |
| | | **ब.उ.शी.नं. ३६५०१५३ (सामाजिक सुरक्षा कार्यक्रम ) तर्फः**<br>**पेश्की फछ्र्यौट :** सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि २०६९ को वुदा नं १३ (६) घ मा प्रत्येक चौमासिकमा भुक्तानी गरेको रकमको भर्पाई भुक्तानी गरेको १५ दिन भित्र पेश्की फछ्र्यौटको लागि जिल्ला विकास समितिमा पठाउनु पर्ने र बुँदा नं. १३ (६) च मा जिल्ला विकास समितिले रकम निकासा दिंदा अघिल्लो किस्तामा निकासा भई भुक्तानी गर्न बाँकी रहेको रकम कटाएर मात्र निकासा दिनुपर्ने उल्लेख छ । तर जिल्ला विकास समितिले गाविसहरुलाई अघिल्लो पेश्की फछ्र्यौट गरी पुनः पेश्की दिएको भएतापनि कार्यविधिले तोकेवमोजिम पूर्णरुपमा पेश्की फछ्र्यौट गरेको देखिएन । समयमा भत्ता वितरण नगर्नु यसको प्रमुख कारण रहेको पाईन्छ । जसले गर्दा पेश्की फछ्र्योट नगर्ने प्रवृत्ति बढ्ने, समयमा लक्षित समूहले भत्ता पाउन नसक्ने, सामाजिक सुरक्षा वापतको रकम कार्यालयको (गाविस) खातामा मौज्दात राख्ने र उक्त रकम केही समयको लागि अन्यत्र लगानी गरी लक्षित समूह भन्दा अन्य व्यक्तिले व्यक्तिगत फाईदा लिन सक्ने सम्भावना रहन्छ । अतः सामाजिक सुरक्षा वापत निकासा भएको रकम सम्बन्धित लक्षित समूहलाई समयमै वितरण गरी सो को बिल भरपाई तोकिएको समयमै जिविसमा पेश गरी पेश्की फरफारक गरी कार्यविधिको पालना गर्ने तर्फ सम्बन्धित निकायको ध्यान जानुपर्दछ । | | | |
| | | **भत्ता वितरणः** सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०६९ को बुदा नं.१३ (२) मा गाउँ विकास समिति/नगरपालिकाको सचिवले यस कार्यक्रम वापत प्राप्त भत्ता बृत्ति र अनुदान रकम परिचय पत्र प्राप्त गरेका सम्बन्धित व्यक्तिहरुलाई आ-आफ्नो क्षेत्रमा प्रथम चौमासिकमा बडा दशै पूर्व आश्विन १ गते दोश्रो चौमासिकमा माघ १२ गते र तेश्रो चौमासिकमा जेष्ठ १५ गते भुक्तानी दिनुपर्ने छ भनि उल्लेख भएको छ । जिल्ला विकास समितिले अन्तर्गतका ६० गाविसका लागि प्रथम चौमासिक निकासा मिति २०७१।६।५ गते र तेस्रो चौमासिक निकासा २०७२।३।१५ गते नै दिएको देखियो । कार्यविधिले तोके बमोजिम भत्ता वितरण गर्न समयमा निकासा नदिदा जुन उद्देश्यले लक्षित वर्गमा भत्ता वितरण गर्न खोजिएको हो सो अनुरुप लक्षित व्यक्तिले भत्ता पाउने समय र रकम सम्बन्धमा पूर्वानुमान गर्न सक्ने अवस्था देखिदैन । अतः कार्यविधिले व्यवस्था गरेको समयमा भत्ता वितरण गरी लक्षित समूहलाई आश्वस्त बनाउन समयमै बजेट निकासा दिने र वितरण गर्ने प्रणालीको अवलम्बन गर्नु जरुरी देखिन्छ । | | | |
| | | **लगत कट्टा गर्नुपर्ने :**सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०६९ को बुदा नं. ३ (च) ४ मा प्रत्येक गाउँ विकास समितिले बालसंरक्षण अनुदान वितरण गर्नको लागि उमेरको गणना गर्दा कुनै बालबालिका कुनै महिनाको पन्ध्र गते सम्ममा पाँच वर्ष पूरा हुने भए सो महिनासम्मको पूरै रकम प्रदान गर्ने र सोह्र गते भन्दापछि पाँच बर्ष (साठी महिना) पूरा हुने भए सो महिनादेखि रकम वितरण नगर्ने व्यवस्था मिलाउनु पर्नेछ | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | भन्ने व्यवस्था रहेको छ । कार्यविधिले तोकेको उमेर भन्दा बढी उमेरका बलबालीकाको नाममा भत्ता वितरण गर्न मिल्दैन । बालबालिकाको नाम र जन्म मिति सहितको अध्यावधिक अभिलेख तयार गरी निकासा दिएको भएता पनि केही गाविसले उमेर पूरा भई सकेपछि समेत भत्ता वितरण गरी भर्पाई पेश गर्ने गरेको देखियो । बालबालिकाको नाममा पोषण भत्ता वितरण भएको सम्बन्धमा कार्यालयबाट छानविन गरी लगत कट्टा गरी अभिलेख अद्यावधिक गर्नुपर्ने देखिन्छ । | | | |
| | | **लगत कट्टा गरेको अनुगमन गर्नुपर्ने :**<br>सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०६९ को दफा ९ मा सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गर्न जिल्ला विकास समितिको सभापति वा सभापतिको काम गर्न तोकिएको व्यक्तिको संयोजकत्वमा सामाजिक सुरक्षा जिल्ला समन्वय समिति गठन गर्नुपर्ने व्यवस्था छ । कार्यविधिको दफा २३ मा उक्त समन्वय समितिसँग समन्वय गरी जिल्ला विकास समितिको कार्यालयले भत्ता वितरण प्रक्रियाको निरीक्षण तथा अनुगमन गर्ने व्यवस्था छ । कार्यविधिको उक्त व्यवस्था अनुसार समन्वय समिति गठन गरी कार्यालयले निरीक्षण र अनुगमन गरी मृत्यु भएका केही व्यक्तिको नामावली कट्टा गरेको भएता पनि सबै गाविसहरुमा निरीक्षण र अनुगमन गरी दोहोरो नामावलीबाट भुक्तानी भएको, उमेर पुगेका बालबालिकाको नाममा भुक्तानी भएको, मृत्यु भईसकेपछि आर्थिक वर्ष भरी भत्ता वितरण गरेको सम्बन्धमा छानविन गरी लगत अद्यावधिक गर्नुपर्ने देखिन्छ । | | | |
| | ५२।०७२।३।२७<br>५९।०७२।३।२९ | **ब.उ.शी.नं. ३६५८१९३ (स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रमः**<br>संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम समन्वय ईकाइको प.सं २०७०।०७१ च.नं. २५४ मिति २०७१।२।३० को पत्र अनुसार बुँदा नं. १ मा सामाजिक परिचालकहरुले नागरिक सचेतना केन्द्रका सहभागिहरुको पूर्ण वैठक राखी नागरिक सचेतना केन्द्रलाई रु. ३००००। को वजेट वाँडफाँड गरी ५२ हप्ताको रु. ३००। का दरले १५०००। प्रति सचेतना केन्द्रका लागि आवश्यक लजिस्टिक वापत रु. १००००। र नागरिक सचेतना केन्द्रमा सामाजिक परिचालकले सहजीकरण गर्न नसक्ने अवस्थामा वाह्य श्रोत व्यक्ति परिचालन गर्ने प्रयोजनका लागि रु. ५०००। समेत रु. ३००००। का दरले ५५ वटा नागरिक सचेतना केन्द्रमा सामाजिक परिचालकले सहजीकरण गर्न नसक्ने सवालहरुमा वाह्य श्रोतव्यक्ति परिचालन प्रयोजनार्थ ५५ वटा नागरिक सचेतना केन्द्रको लागि रु. २७५०००। निकास दिएको छ । यसरी वाह्य श्रोतव्यक्तिको प्रमाण पेश नभएको प्रमाण पेश गर्ने अन्यथा उक्त रकम असूल गर्नुपर्ने रु. | २७५०००।०० | | |
| | ४९।०७२।३।२५ | जिल्ला विकास समिति र नगर विकास प्रशिक्षण केन्द्रपोखरा बीच जि.वि.स. को राजश्व सम्भाव्यता अध्ययन तथा प्रक्षेपण कार्यक्रमको लागि सम्झौता भए बमोजिम दोस्रो पक्षले कार्यक्रम सम्पन्न भएको १५ दिन भित्र जिल्ला विकास समितिमा अध्ययन प्रतिवेदन बुझाउन पर्ने उल्लेख भएकोमा ( शर्त नं. ३३ अनुसार) | | | |

<table>
<tr><td></td><td></td><td>लेखापरीक्षण अवधीसम्म अध्ययन प्रतिवेदन पेश नभएकोले प्रतिवेदन पेश हुनुपर्ने रु.</td><td>२०००००।००</td><td></td><td></td></tr>
<tr><td></td><td></td><td>जिल्ला विकास समितिको कार्यालयमा हाइब्रिड सोलार जडानको लागि रु. ६६३०००। को लागत अनुमान स्वीकृत भई स्थानीय शासन तथ सामुदायिक विकास कार्यक्रमबाट रु. ३०००००। र विद्युत रोयल्टी शीर्षकबाट रु. ३६३०००। व्यहोर्ने गरी मिति २०७२।३।२७ मा सम्पन्न गर्ने गरी रिन्युएवल नेपाल अल्टरनेटिभ इनर्जी प्रा.ली. बीच मिति २०७२।३।२२ मा सम्झौता भएको छ। प्राविधिक मूल्यांकन र कार्य सम्पन्न प्रतिवेदन अनुसार रु. ५८१३९५ मा कार्य सम्पन्न भएको छ। विनियोजित वजेट बमोजिम यस संस्थाबाट रु. ३०००००। खर्च भएकोमा स्थानीय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०६४ को नियम ३१ उपनियम (४) बमोजिम भुक्तानी गर्दा ५ प्रतिशत रिटेन्सन मनि कट्टा गरी भुक्तानी दिनुपर्ने व्यवस्था छ। कार्यालयले रिन्युएवल नेपाल अल्टरनेटिभ इनर्जी प्रा.ली.लाई रु. ३०००००। खर्च लेखेकोमा ५ प्रतिशतले हुने रु. १५०००। धरौटी कट्टा नगरेको रु.</td><td>१५०००।००</td><td></td><td></td></tr>
<tr><td></td><td>५३।२०७२।३।२७</td><td>ठेक्का सम्वन्धी सूचना र इलाका स्तरीय गोष्ठी, योजना तर्जुमा वैठक गोष्ठी लगाएतका सुचना प्रकाशन गरे वापत निम्न विज्ञापन संस्थालाई रु. १३१०२३ खर्च लेखेको छ। उक्त खर्च स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रममा वजेट विनियोजन भएको नदेखिएको असम्बन्धीत खर्चको सम्बन्धमा खर्च समर्थन हुनुपर्ने देखिएको रु.
<table>
<tr><td>फर्मको नाम</td><td>रकम</td></tr>
<tr><td>मनकामना एड्भर्टाइजिङ गोरखा</td><td>४६१०४।-</td></tr>
<tr><td>गोरखकाली एफ.एम</td><td>२१३५७।-</td></tr>
<tr><td>नेपाल न्युज नेटवर्क प्रा.लि.</td><td>६३४६२।-</td></tr>
<tr><td>कुल जम्मा</td><td>१३१०२३।-</td></tr>
</table></td><td>१३१०२३।००</td><td></td><td></td></tr>
<tr><td></td><td>४१।०७२।३।१५</td><td>देहायका स्थानीय सेवा प्रदायक संस्थाहरुलाई निवेदन सम्झौता पत्र र मु.अ.कर विलका आधारमा प्रति संस्था मु.अ.कर समेत रु. ५६५००। का दरले ७ संस्थालाई रु. ३९५५०० मा १.५ प्रतिशत अग्रिम कर रु. ५२५०। कट्टा गरी रु. ३९०२५०। भुक्तानी दिएकोमा निम्न ६ संस्थाहरुको मु.अ.कर दर्ता प्रमाण संलग्न नरहेको रु.
<table>
<tr><td>संस्थाको नाम</td><td>विल रकम</td><td>मु.अ.कर रकम</td></tr>
<tr><td>गोरखा सामुदायिक अध्ययन केन्द्र,</td><td>५००००।-</td><td>६५००।-</td></tr>
</table></td><td>३७२००।००</td><td></td><td></td></tr>
</table>

| | | |
|---|---|---|
| गोरखा | | |
| एकीकरण गोरखा नेपाल | ५००००।- | ६५००।- |
| उत्पिडित समुदाय विकास तथा अध्ययन केन्द्र | ५००००।- | ६५००।- |
| स्वाँरा सघन ग्रामिण विकास केन्द्र, पालुङटार | ५००००।- | ६५००।- |
| स्वाँरा सघन गाउँ विकास केन्द्र | ५००००।- | ५६००।- |
| पद्धति विकास सेवा केन्द्र | ५००००।- | ५६००।- |
| **जम्मा** | **३०००००।** | **३३३६०।** |

| | | | | | |
|---|---|---|---|---|---|
| | | जिल्ला विकास समितिको कार्यालय गोरखा र स्थानीय सेवा प्रदायक संस्थाबीच सामाजिक परिचालन कार्यान्वयन गर्नका लागि द्विपक्षीय सम्झौताको बुँदा नं. ७ मा मासिक तथा चौमासिक रुपमा तोकिएको ढाँचामा जि.वि.स. को सामाजिक विकास शाखामा प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था रहेकोमा प्रतिवेदन पेश भएको पाइएन । | | | |
| | | **युनिसेफ विशेष सामाजिक सुरक्षा भत्तातर्फ**): | | | |
| | | २०७२ साल वैशाखमा गएको महाविनाशकारी भुकम्पबाट नोक्सानी तथा कठिनाईमा परेका गोरखा जिल्ला अदालत अन्तर्गत सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेका लाभग्राहीहरुको प्रभावको सन्दर्भमा आर्थिक कठिनाईलाई न्युनिकरण गर्ने उद्देश्यले संयुक्त राष्ट्र संघीय वाल कोष (UNICEF) ले उपलब्ध गराएको सहयोग मध्ये सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने ३२५५० संख्यात्मक विवरण बमोजिम प्रति व्यक्ति रु ३०००। ले रु ९ करोड ७६ लाख ५० हजार प्राप्त भएको देखिन्छ । उक्त प्राप्त रकम मध्ये कार्यालयले ६२ स्थानीय निकायका (नपा/गाविस) २९९६९ जनालाई रु. ८ करोड ९९लाख ७ हजार लगत बमोजिम वितरण गर्न रकम पठाएकोमा भत्ता वितरण गरेको नामनामेशी भर्पाई तथा सो को प्रगति विवरण समेत पेश गरेको देखिएन । वितरण भर्पाइ प्राप्त गरी खर्च रकमको स्थिति पेश गर्नुपर्ने रु. | ८९९०७०००।०० | | |
| | | युनिसेफबाट प्राप्त भएको रु ९७६५००००। मध्ये रु. ८९९०७०००। वितरणको लागी ६२ गाविस/नपा मा उपलब्ध गराएकोमा उक्त श्रोतको रकम वितरण नभई रु. ७७ लाख ४३ हजार बाँकी देखिन्छ । पालुङटार नगरपालीकाको आर्थिक वर्ष २०७१।०७२ को तेस्रो चौमासिक छुट रु. ११ लाख ४४ हजार र गोरखा नगरपालीकाको रु. ५१३६८००। समेत रु. ६२८०८००। सम्बन्धित कार्यालयको खातामा दाखिला गरी निकाशा गरेकोमा उक्त रकम पेश्की खर्च लेख्न छुट भएकोले सो रकम मौज्दातको रुपमा देखिन गएको र नियमित तर्फको सामाजिक सुरक्षा वजेट शिर्षकमा खर्च नदेखिई सोही रकम वरावर निकाशा फिर्ता (फ्रिज) देखिँदा चालु वर्षमा प्राप्त हुने अनुदानबाट युनिसेफ खातालाई सोधभर्ना गरी हिसाव मिलान गर्नुपर्ने रु. | ६२८०८००।०० | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | उल्लेखित शिर्षकमा खर्च नभई बाँकी रहेको वाह्य श्रोतको रकम सम्बन्धितलाई फिर्ता गरी हिसाव मिलान गरिनुपर्दछ । अत समायोजन पश्चात युनिसेफतर्फ बचत मौज्दात देखिने रु. ७७ लाख ४३ हजार सम्बन्धित संस्थालाई फिर्ता पठाई हिसाव मिलान गर्नुमर्ने रु. | ७७४३०००।०० | | |
| | | **गाउँ विकास समिति अनुदान (३६५८०२३):**<br>जिल्ला अन्तर्गत रहेका ६० गाविसलाई चालु तथा पूँजिगततर्फको सशर्त तथ निशर्त अनुदान वापत रु. ११ करोड ४२ लाख ६९ हजार वजेट व्यवस्था भएकोमा चालुतर्फ रु. २ करोड ८९ लाख ८४ हजार, पूँजिगततर्फ नेपाल सरकारको श्रोतको रु. ६ करोड ८५ लाख १ हजार एवम् जापानको डिआरएफ फण्डतर्फको रु. १ करोड ६७ लाख ८४ हजार समेत रु. ११ करोड ४२ लाख ६९ हजार अनुदान खर्च लेखेको छ । गाविसले प्राप्त गरेको अनुदान गाविसकै आय खातामा रकम ट्रान्सफर गरी वर्षभरीमा खर्च नभएको रकम फिर्ता हुनुपर्ने साथै प्रभावकारी बनाउनुपर्ने, स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ दफा ३३ बमोजिमको अनुगमन प्रकृयालाई पनि वलियो वनाउनुपर्ने साथै अनुदानको अपेक्षित उपलब्धी प्रति विश्लेषण गरी आन्तरिक तथा अन्तिम लेखापरीक्षण गरी अनुदान उपयोगको स्थिति प्रभावकारी समेत वनाउनुपर्ने देखिन्छ । | | | |
| | | **उपेक्षित उत्पिडित र दलित वर्ग उत्थान कार्यक्रम (३६५१०६३):**<br>उपेक्षित उत्पिडित र दलित वर्ग उत्थान कार्यक्रम अन्तर्गत यो वर्ष वार्षिक वजेट रु. ३०००००। व्यवस्था भएकोमा रु. २६६९६०। खर्च भई रु. ३३०४०। फिर्ता भएको छ । लक्षित वर्गलाई प्रोत्साहन हुनेगरी आय आर्जन तथा व्यवसायीकरणको वृद्धिमा व्यवस्थाका लागि प्राप्त भएको वजेट खर्च नभएको देखिदाँ अपेक्षित प्रगति प्राप्त गर्नेतर्फ ध्यान दिनु जरुरी देखिन्छ । | | | |
| | | **आदिवासी जनजाती उत्थान चेपाङ समेत (३६५१०५३):**<br>आदिवासी जनजाती उत्थान कार्यक्रम अन्तर्गत लक्षित वर्गको आय आर्जन एवम् व्यवसायीकरण क्रियाकलापमा वृद्धि गर्ने उद्देश्यले चेपाङ समेत रु.१०५००००। वजेट व्यवस्था भएकोमा कार्यक्रम संचालन वजेट खर्च नभई ३३७४७ वेरुजु खातामा दाखिला समेत रु. ९ लाख ५० हजार वजेट खर्च भएको देखिन्छ । आदिवासी  चेपाङहरुको विद्यार्थीहरुलाई प्रशासनिक क्षेत्रमा आकर्षण गराउन लोक सेवा आयोग तयारी कक्षा वापत रु. १ लाख वजेट रहेकोमा कार्यक्रम संचालन हुन नसकी रकम फ्रिज भएको छ । कार्यक्रम तथा वजेटमा रकमको व्यवस्था गर्ने तर निर्धारित कार्यलक्ष्य वमोजिम खर्च नगर्नुले अपेक्षित प्रगति प्राप्त हुने देखिदैन । अत लक्षित कार्यक्रम तोकिएको समय र वजेट वमोजिम संचालन गरी प्रगति प्राप्त गर्नेतर्फ विशेष ध्यानाकर्षण गरिन्छ । | | | |
| | | **जि.वि.स. कोषतर्फः**<br>स्थानीय स्वायत्त शासन ऐन, २०५५ बमोजिम विभिन्न कोषहरुको स्थापना गनुपर्ने ब्यवस्था छ । सो अनुरुप | | | |

व्यवस्था भएका ८ कोषमा यो वर्ष सातौं जिल्ला परिषदको निर्णयअनुसार आन्तरिक कोषहरुमा प्राप्त आन्तरिक आयमध्ये देहाय बमोजिम रकम थप गरेको छ । कोष सम्बन्धि विवरण देहाय अनुसार दर्शाइएको छ ।

| कोष विवरण | जिम्मेवारी | थप | खर्च | बाँकी |
|---|---|---|---|---|
| प्रकोप व्यवस्थापन | २३२९००४।०० | २०००००।०० | ८३०००।०० | २४४६००४।०० |
| मानव संशाधन | २४७२६१।१५ | १०००००।०० | ० | ३४७२६१।१५ |
| मर्मत संभार | ३०७१९९६।५० | १०००००।०० | १४६४९५०।०० | १७०७०४६।५० |
| स्थानीय विकास | ४१५२२३।८४ | १०००००।०० | ० | ५१५२२३।८४ |
| वातावरण व्यवस्थापन | २०००००।०० | १०००००।०० | ० | ३०००००।०० |
| गरिवी निवारण | २२०४९६।०० | ५००००।०० | ० | २७०४९६।०० |
| महिला तथा वालवालिका | ७८७५००।०० | ५००००।०० | ० | ८३७५००।०० |
| कर्मचारी कल्याण | २४७१८६०।०० | १३७२०४३।८० | २४४५४६९।०० | १३९८४३५।१२ |
| कर्मचारी कल्याण मुद्दती | ३८०००००।०० | ० | ० | ३८०००००।०० |
| | | | | |

यो वर्ष प्रकोपबाट नोक्सानी भएका विभिन्न व्यक्तिलाई क्षति र निवेदनको आधारमा रु. ८३०००। खर्च लेखेको छ ।

**कर्मचारी कल्याण कोषतर्फः**

यो वर्ष सहलेखापाल श्री कृष्णहरी ज्ञवाली सेवा वा पदबाट अलग हुँदा स्थानीय स्वायत्त शासन आर्थिक नियमावली बमोजिम प्राप्त गर्ने सुविधा वापत रु. २४४५४६९। खर्च लेखी भुक्तानी गरेको देखिन्छ । कर्मचारीहरुलाई सेवाबाट अलग हुँदा नियमावली बमोजिम उपलब्ध गराउने अवकाश वापतको सुविधा वापत कोषमा रु. १३९८४३५।१२ मौज्दात बाँकी देखिन्छ । कर्मचारीको अनुपातमा Acturial मूल्यांकन गरी अवकाश सुविधाको व्यवस्था हुनुपर्ने देखिन्छ ।

<table>
<tr><td></td><td></td><td>सडक मर्मत कोषतर्फः</td><td></td><td></td><td></td></tr>
<tr><td></td><td>२०७१।९।२३</td><td>आरुघाट फूलपाती भञ्ज्याङ आप्रिक सडक मर्म, घ्याम्पेसाल देउराली पाल्खु चनौटे सडक मर्मत, गैह्रीछाप आरुपोखरी सडक मर्मत सुधार, कायापानी धावा सडक सुधारको लागि उपभोक्ता समितिसँग सम्झौता भई नापी तथा सो सम्बन्धी हेभि इक्वीपमेन्ट प्रयोग सम्बन्धी भाडा तथ इन्धन विलको आधारमा रु. २४००००। भुक्तानी गरेकोमा जे.सी.वि. भाडामा लिई कार्य गराई रु. १९८६८८। मू.अ.क. समेत भुक्तानी गरेकोमा आयकर ऐन, २०५८ को दफा ८८ बमोजिम लाग्ने रु. १०५४३। अग्रिम करमा रु. २६००। मात्र दाखिला भएको देखिँदा नपुग रु. ७९४३। असुल प्राप्त गरी दाखिला गर्नुपर्ने रु.</td><td>७९४३।००</td><td></td><td></td></tr>
<tr><td></td><td>२०७१।९।२३</td><td>नयाँ चौतारा आरुबोटे भैडान सडक लगायत सडकको दशैंको अवसरमा सडक सफा गरी यातायात संचालनको लागि उपभोक्ता समितिसँग रु. २५००००। मा सम्झौता भएकोमा सडक सफ गर्ने कार्यमा समितिले हेभि इक्युपमेन्ट प्रयोग गरी रु.१२२४००। भाडा भुक्तानी गरेकोमा आयकर ऐन, २०५८ को दफा ८८ बमोजिम १० प्रतिशत भाडाकर असुल गरी सम्बन्धित राजश्व खातामा दाखिला गरेको नदेखिएको रु.</td><td>१२२४०।००</td><td></td><td></td></tr>
<tr><td></td><td></td><td>देहाय बमोजिमको सडक सफाई गर्ने कार्यमा उपभोक्ता समितिसँग सम्झौता भई रकम भुक्तानी भएकोमा समितिले सडक सफा गर्ने कार्यमा डोजर प्रयोग गरी भाडा भुक्तानी गरेको देखिँदा आयकर ऐन, २०५८ को दफा ८८ बमोजिमको अग्रिम कर असुल गरी सम्बन्धित राजश्व खातामा दाखिला गर्नुपर्ने रु.
<table>
<tr><td></td><td>विवरण</td><td>सम्झौता</td><td>प्रयोग भाडा</td><td>लाग्ने कर</td></tr>
<tr><td>५।०७१।९।२३</td><td>घ्याम्पेसाल नारेश्वर होल्सिङ्ग सडक मर्मत समिति</td><td>२४००००।</td><td>२२४०००।</td><td>१९०४०।</td></tr>
<tr><td>६।०७१।१०।१२</td><td>गोरखा घ्याम्पेसाल आरुघाट सडक मर्मत समिति</td><td>५०००००।</td><td>३३३५००।</td><td>२२७५०।</td></tr>
<tr><td>८।०७१।१०।२६</td><td>३ माने जुम्लीचौतारा सडक मर्मत समिति</td><td>२४००००।</td><td>२२१३००।</td><td>१८८१०।</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td></td><td>६०६००।</td></tr>
</table>
</td><td>६०६००।००</td><td></td><td></td></tr>
</table>

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | **वातावरण मैत्री स्थानीय शासन कार्यक्रमः**<br>जिल्ला विकास समिति र गाउँ विकास समितिको लागि वातावरण मैत्री स्थानीय शासन कार्यक्रमको लागि वातावरण सूचक कार्यान्वयन, अनुगमन, तालीम, अन्तरक्रिया छलफल, वेसलाईन तथ्यांक, व्यवहार परिवर्तन तालीम र पूँजीगततर्फ मेशिनरी औजार खरिद आदिको लागि यो वर्ष गोरखा जिल्ला अन्तर्गत मनकामना, देउराली, वारपाक, घ्याचोक र सिम्जुङ्ग लगायत गा.वि.स. मा उल्लेखित कार्यक्रम संचालन गर्न रु. ९० लाख २० हजारको बजेट ब्यवस्था भएकोमा कार्यक्रम संचालनतर्फ रु ७८१६७४०। गाविस खातामा निकाशा प्रदान गरेको छ । कार्यक्रम कार्यान्वयन निर्देशिकाको परिधिभित्र रही सूचक तयारी, अभियान संचालन तथा उत्प्रेरणा, अन्तर्क्रिया एवम् वेसलाईन तथ्यांक संकलन आदिको कार्य सम्पादन प्रगति प्राप्त भएन । अतः निकाशा भएको रकम तोकिएको प्रयोजनमा खर्च भयो भएन र निर्देशित कार्यक्रम अनुरुप संचालन भए नभएको सम्बन्धमा खर्चको श्रेस्ता प्रमाणहरु पेश नभएको रु. | ७८१६७४०। | | |
| | | कार्यक्रमको संचालनार्थ प्राप्त ९० लाख २० हजार मध्ये गाविसमा रु ७८१६७४०।, जि.वि.स.मा अन्तर्क्रिया कार्यक्रम एवम् मूल्यांकन र पूँजिगत खर्चतर्फ रु. २३२९५४। समेत रु. ८०४९६९४। खर्च भई वर्षान्तमा सो कार्यक्रमको रु. ९६५७९६। बाँकी देखिन्छ । गा.वि.स. तर्फ रु. १ लाख ५८ हजार र जिविसतर्फ रु ८ लाख ७ हजार समेत रु.९ लाख ६६ हजारको कार्यक्रम वापत यो वर्ष खर्च नगरी रकम जिम्मेवारी सारेको देखिन्छ । वजेट, कार्यक्रम, समय विच समन्वय गरी निर्देशिका बमोजिम प्रगति लिनेतर्फ ध्यान दिन आवश्यक छ । | | | |
| | | **भारतीय दुतावास सहयोगतर्फः**<br>अमर ज्योति जनता उमावि लुईटेल गोरखाको सहयोगमा कूल लगत ईष्टिमेट रु.४८७५८८५३। मा मु.अ.क. समेत रु. ३५३३२१३२। मा कोशी एण्ड न्यौपाने जयमाता संयुक्त उपक्रमसँग मिति २०६९।२।२८ देखि कार्य शुरु गर्ने र २०७० भाद्र २८ सम्म कार्य सम्पन्न गर्ने गरी सम्झौता सम्पन्न भएकोमा पहिलो पटक २०७१।५।२८ सम्म र दोस्रो पटक २०७१।११।२८ सम्म निर्माणको म्याद थप गरेको छ । निर्धारित समयमा कार्य सम्पन्न नगर्ने र पटक पटक म्याद थप गरी निर्माण कार्यलाई पछाडी सार्दै लानु उपयुक्त देखिएन । पटक पटक म्याद थप गर्दा खरिद नियमावली, २०६४ अनुसार पूर्व निर्धारित क्षतिपूर्तिको सम्बन्धमा ब्यहोरा उल्लेख गरेको समेत पाईएन । पुर्व निर्धारित क्षतिपूर्ति वेगर म्याद थप गर्ने प्रकृया उचित देखिएन । सम्झौताको समयलाई आधार मान्दा १५० प्रतिशत अवधि वृद्धिले कार्यको गुणस्तरमा समेत असर पर्न जाने देखिँदा यसतर्फ विशेषरुपले ध्यान दिनुपर्ने देखिन्छ । | | | |
| | | निर्माण कार्यको सम्झौता गर्दा सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ बमोजिम निर्माण, विमा | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | तथा गुणस्तर परीक्षणको व्यवस्था अवलम्वन गर्नुपर्ने व्यवस्था रहेकोमा लागत अनुमान तथा विल परिमाणमा उल्लेखित व्यवस्था उल्लेख नगरी लागत अनुमान तयार गर्ने कार्य समेत उपर्युक्त देखिएन । विनाशकारी भुकम्प पश्चात नवनिर्मित विद्यालयको वाल तथा अन्य भागमा सामान्य क्षति पुगेकोमा सो को त्रुटी सच्याउने अवधि भित्र मर्मत तथ सुधार समेत गर्नुपर्ने देखिन्छ । त्रुटी सुधार गर्ने दायित्व निर्माण व्यवसायीको रहने हुनाले सुधार नगरेसम्म व्यवसायीलाई अन्तिम भुक्तानी दिन नहुने साथै विद्यालयका As built drawing समेत लिई फरफारक गर्नुपर्ने अवस्था रहेको छ । | | | |
| | | निर्माण व्यवसायीलाई अन्तिम विल सम्म रु. ३४१७४१८६। भुक्तानी हुनुपर्नेमा रु. ३३६२९९१८। भुक्तानी गरी रु. ५४५०००। बाँकी देखिन्छ । चौथो विलसम्म निर्माण व्यवसायीलाई भुक्तानी भएको रु. २८७३२७१२। मा अन्तिम विलको भुक्तानी गर्नुपर्ने रु. ५४४२२०६। मध्ये रु. ५४५०००। बाँकी राखी अन्तिम विलबाट रु. ४८९७२०६। खर्च लेखेकोमा भारतीय दुतावासबाट रकम प्राप्त नभएको कारण पछी रकम प्राप्त गर्ने गरी जिविस कोषबाट सापटी खर्च लेखेको उक्त रकम सोधभर्ना प्राप्त गरी हिसाव मिलान गर्नुपर्ने रु. | ४८९७२०६।०० | | |
| | | मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ८ अनुसार कूटनैतिक नियोगले मूल्य अभिवृद्धि कर भुक्तानी गरेकोमा फिर्ता पाउने व्यवस्था अनुरुप कूल कार्य सम्पन्न निर्माण कार्यमा भुक्तानी भएको रु. ३९३१५४४। मूल्य अभिवृद्धि कर रकम अर्थ मन्त्रालयबाट फिर्ता प्राप्त गरी हिसाव मिलान गर्नुपर्ने रु. | ३९३१५४४।०० | | |
| | | भारतीय दुतावासबाट भवन निर्माण प्रयोजनार्थ आर्थिक वर्ष २०७१।०७२ सम्म रु.३०२४२६४२। प्राप्त हुनुपर्नेमा रु. २९२५५९४९। निकाशा आय प्राप्त गरेबाट रु.९८६६९३। प्राप्त गरी हिसाव मिलान गर्नुपर्ने रु. | ९८६६९३।०० | | |
| | | भिमोदय वहुमुखी क्याम्पस आरुचनौटे गोरखाको भवन निर्माणमा भारतीय दुतावासको सहयोगमा कुल लागत अनुमान रु. ३९८२३०५६। मा मु.अ.क. समेत रु ३२८५७१५३। मा सिद्धवावा र युएस संयुक्त उपक्रमसंग २०६८।११।९ बाट कार्य सुरु गरी २०७०।२।८ भित्र कार्य सम्पन्न गर्ने गरी सम्झौता सम्पन्न भएकोमा उक्त अवधिमा कार्य सम्पन्न हुन नसकी २ पटक गरी २०७१।८।२९ सम्म म्याद थप गरेकोमा तत्पश्चात म्यादथप गरेको छैन । तोकिएको सम्झौता अनुसारको समयमा कार्य सम्पन्न नहुने र पुर्व निर्धारित क्षतिपूर्ति वेगर म्यादथप गर्दै जाने स्थितिले निर्माण व्यवसायीले समयको उन्मूक्ति पाउने देखिन्छ । साथै निर्माण कार्यको लागत अनुमानमा वीमा, गुणस्तर परीक्षण लगायतका विषयहरु समावेश समेत गरेको पाईएन । | | | |
| | | विद्यालयको भवनको नवौं रनिङ्ग विल सम्म निर्माण व्यवसायीलाई रु. ३२८५७१५३। स्वीकृत रकममध्ये रु. २८५३२८७६। भुक्तानी  भईसकेको छ । म्यादथपको समयमा पनि निर्माण कार्य सम्पन्न भएको छैन । दुतावासबाट रकम निकाशा नभएको कारण आठौं विलसम्म जिविस कोषबाट सापटी जनाई रु. २००००००। निर्माण व्यवसायीलाई भुक्तानी गरेकोमा उक्त रकम कोषमा सोधभर्ना गरेको नदेखिएको रु. | २००००००। | | |
| | | भारतीय दुतावासको आर्थिक अनुदान सहयोगमा ४.८० किमि सडक तुरतुरे देखि ठाँटीपोखरीलाई स्तरोन्नती गर्न कूल लागत अनुमान ४९६२८५२१। मा मु.अ.क. समेत रु. ४७४५९६१६। मा निर्माण कार्य स्वीकृत भई कन्काई त्रिशुली उपक्रमसंग २०७१।१।३१ मा सम्झौता गरी काम सम्पन्न गर्नुपर्ने २०७१।४।२८ सम्म रहेकोमा | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | उक्त अवधिमा कार्य सम्पन्न नगरी पूर्व निर्धारित क्षतिपूर्ति वेगर २ पटक गरी २०७१।१२।३० सम्म म्याद थप गरेको देखिन्छ । समयमा कार्य सम्पन्न नगर्ने र पटक पटक म्याद थप गर्दै जाने स्थितिले निर्माण सम्पन्न समयमा व्यवसायीले एकातर्फ उन्मुक्ती पाउने र अर्कोतर्फ पूर्व निर्धारित क्षतिपुर्ति वेगर म्याद थप हुदाँ कार्यमा ढिलाई तथा गुणस्तरमा समेत अनुशासन नरहने स्थिति रहन्छ । अतः पूर्व निर्धारित क्षतिपूर्ति वेगर म्यादथप गर्ने स्थितिलाई निरुत्साहित गरिनुपर्दछ । लागत अनुमान तथा BOQ मा वीमा, गुणस्तर र प्रयोगशाला परीक्षण सम्वन्धी रकम व्यवस्था गर्नुपर्नेमा गरेको समेत देखिएन । | | | |
| | | सडक निर्माणको अन्तिम विल बमोजिम मूल्य अभिवृद्धि कर समेत रु. ४६६६०७७७। निर्माण व्यवसायीलाई भुक्तानी गर्नुपर्ने देखिन्छ । तेस्रो रनिङ्ग विलसम्म निर्माण व्यवसायीलाई रु. ३४९९५३३९। भुक्तानी गरेकोमा तेस्रो विलको बाँकी रु. २४८९४७५। र अन्तिम विलको बाँकी रु. ९१७५९६३। समेत ११६६५४३८। मा रु. ५३६८०५४। भुक्तानी गरी रु. ६२९७३८४। भुक्तानी गर्न बाँकी छ । व्यवसायीले लिएको कार्यपरिचालन पेश्की रु. ३६ लाख ७२ हजार कट्टी गरी खुद भुक्तानी गर्न अझै रु. २६२५३८४। बाँकी देखिन्छ । दिनुपर्ने रकम दिई दायित्व हिसाव मिलान गर्नुपर्दछ । | | | |
| | | निर्माणकार्यमा भुक्तानी भएको रु. ५३६८०५४। मूल्य अभिवृद्धि कर फिर्ता प्राप्त गरी सापटी सोधभर्ना समेत गर्नुपर्ने रु. | ५३६८०५४।०० | | |
| | | सडकको रोडवे ब्याक कटिङ्ग सम्बन्धी कार्यमा लागत अनुमानको Quantity २६७५.५३ घनमिटर रहेकोमा पहिलेको स्थितिमा परिवर्तन गरी ३८१०।९७ घनमिटर परिमाण लागत अनुमान भन्दा १४२ प्रतिशत बढाई ६४८६।५० घनमिटरको प्रति घनमिटर २००। ले रु. १२९७३००। भुक्तानी भएको देखिन्छ । लागत अनुमान भन्दा बढी परिमाण र पहिले नै उक्त चेनेजमा वास्तविक रुपले संभावित जोखिम भौतिक परीक्षण नहुँदा मूल्य अभिवृद्धि कर समेत रु ८६१२७९। बढी भुक्तानी हुन गएको देखिन्छ । लागत अनुमान तयार गर्दा त्रुटी गर्ने र पछाडी परिमाण बढाई भुक्तानी गर्ने स्थिति उपयुक्त देखिएन । | | | |
| | | नोक्सानी, कार्य वीमा, प्लान्ट, उपकरण एवम् सम्पति तथा व्यक्तिगत दुर्घटना वीमा बापत BOQ आइटम नं. D १ अनुसार रु. ३०००००। Provisional Sum अन्तर्गत भुक्तानी गरेकोमा सम्झौता बमोजिम वीमा लेख तथा रकम तिरेको प्रिमियम रसिद जुन त्रुटी सच्याउने अवधी सम्मको कागजात लेखापरीक्षणमा पेश नभएकोले विमा सम्वन्धी कागजात शर्त बमोजिम पुरा गरेको प्रमाण पेश गर्ने अन्यथा असुल गर्नुपर्ने रु. | ३०००००।०० | | |
| | | निर्माणकार्यमा प्रयोग हुने सामग्रीहरु गुणस्तरयुक्त हुनुपर्दछ । Provisionsl Sum अन्तर्गत निर्माण सामग्रीको प्रयोगशाला गुणस्तर परीक्षण वापत रु. १५००००। BOQ आईटम नं D २ बाट भुक्तानी गरेको छ । प्रयोग भएका सामग्रीको गुणस्तर परीक्षण प्रतिवेदन (क्युव, पाईप आदि) प्रमाण लेखापरीक्षणमा पेश भएको नदेखिँदा गुणस्तर प्रमाण पेश गर्ने अन्यथा असुल गर्नुपर्ने रु. | १५००००।०० | | |
| | १७०७२।३।३० | **सडक बोर्ड निर्माण (३३७१६५३)** | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | सडक बोर्ड नेपालको कार्यक्रम अन्तर्गतको पालुङटार वुधसिंटार खरिबोट सडक मर्मत कार्यको लागि पर्न आएका सूचना बमोजिम कूल लागत अनुमान रु. ३२०५१४२।६६ मा न्युनतम सारभूत प्रभावग्राही वोलपत्र एस.एण्ड.एस. कन्स्ट्रक्सनको मू.अ.क. समेत रु.३६११७३८। को वोलपत्र स्वीकृत गरी २०७१।१२।१९ मा सम्झौता भई २०७२।२।३० भित्र कार्यसम्पन्न गर्ने गरी सम्झौता सम्पन्न भएकोमा उक्त अवधिमा कार्यसम्पन्न हुन नसकी २०७२।३।२० सम्म पूर्व निर्धारित क्षतिपूर्ति नलिई सम्झौताको सम्पन्न गर्नुपर्ने म्याद बढाएको देखियो । सम्झौता बमोजिम निर्माण व्यवसायीलाई रु. ३६११६५५। मू.अ.क. समेत भुक्तानी भएकोमा सम्झौताको विशेष शर्त ७.४ बमोजिमको प्रकृयालाई म्याद थप गर्दा खुलाएको समेत नदेखिँदा उक्त शर्त बमोजिम ढिला दिन २० को ०.०५ प्रतिशतले रु. ३६११७ सम्वन्धितबाट असुल प्राप्त गरी दाखिला गर्नुपर्ने रु. | ३६११७।०० | | |
| | ३।२०७१।५।१३ | सापटी लिई खर्च गरेको रकम फिर्ता गरी हिसाव मिलान गर्नुपर्दछ । एक शीर्षकबाट सापटी ल्याउने तर फिर्ता नगर्ने स्थिति उचित समेत देखिदैन । आन्तरिक राजश्व शीर्षकबाट प्राप्त गरेको सापटी रु ७०००००। फिर्ता गर्न बाँकी देखिन्छ । रकम फिर्ता गरी हिसाव मिलान गर्नुपर्ने रु. | ७०००००।०० | | |
| | ४।०७१।६।५ | ए. वन कन्स्ट्रक्सनलाई विर्दि सातदोवाटो स्थानीय सडक मर्मत वापत रु. २५९२२५। भुक्तानी भएकोमा उक्त कार्यको कार्यसम्पन्न प्रतिवेदन पेश नभएको रु. | २५९२२५।०० | | |
| | | **ग्रामिण खानेपानी तथा सरसफाई कार्यक्रम (३६५८०४३):**<br>खानेपानी प्राविधिकतर्फको तलव भत्ता तथा अन्य कार्यक्रम संचालन गर्नको लागि यो वर्ष रु. २०८७०००। वजेट व्यवस्था भएकोमा रु. १७८८५६९। खर्च भएको छ ।यो वर्ष तलव तथा भत्तामा रु. १० लाख ६८ हजार वजेटमध्ये तलवभत्तामा नपुग भएको रु. १०५९२। कार्यक्रम संचालन शीर्षकबाट भुक्तानी गरेको देखिन्छ । कार्यक्रम खर्च शीर्षकबाट लेखिएको खर्च अधिकार प्राप्त अधिकारीबाट रकमान्तर तथा खर्च समर्थन गराई कार्यक्रमबाट खर्च लेखेको रकम नियमित गर्नुपर्ने रु. | १०५९२।०० | | |
| | १६।०७२।३।२० | २०७१ पौष १६ को दिनबाट गोरखा जिल्लालाई खुला दिशामुक्त जिल्ला घोषणा गर्ने कार्यक्रममा लेखापाल पार्वती पाठकले रु. ४८०००० को विल भर्पाइ पेश गरी रु. ३५००००। पेश्की फछ्र्यौट रु. १३००००। सोधभर्ना भुक्तानी गर्दा नितु चमेना गृहलाई विविध खर्च वापत रु. ५६०८५। भुक्तानी गरेकोमा सो खर्च कुन कार्यक्रमसँग सम्बन्धीत हो र कार्यक्रम संचालन र स्थितिको प्रमाण वेगर भएको खर्च नियमित नदेखिएको रु. | ५६०८५।०० | | |
| | | **ग्रामीण खोनेपानी पुँजिगत (३६५८०४४):**<br>स्थानीय स्तरमा खानेपानी कार्यक्रम संचालन गरी शुद्ध खानेपानी उपलब्ध गराउने उद्देश्यले यो बर्ष रु. ६२,१०,०००।- बजेट व्यवस्था भएकोमा रु. ५१,५२,०००।- खर्च भई रु. १०,५७,९११।- खर्च हुन नसकी फिर्ता भएको छ । बजेटमा रकमको व्यवस्था गर्ने तर निर्धारण तथा पहिचान गरिएका आयोजनाहरु संचालन नहुनुले बजेट र कार्यक्रमबीच तालमेल मिलेको पाईएन । | | | |
| | १७।२०७२।३।३० | यो बर्ष विभिन्न ६ साइजका पाइपहरु जिल्ला दररेटको आधारमा खरिद गरी ठेक्का स्वीकृत भएको सप्लायर्स | | | |

काका भतिज हार्डवेयर्सलाई बर्षान्तमा रु. २६५४,३८४।- भुक्तानी गरेको छ । खरिद भएका पाइपहरुको मौज्दात अवस्था र वितरण अवस्था देहाए बमोजिम देखिएको छ । खरिद गरी अधिक रुपमा मौज्दातमा रहनुले पाइप खरिदको उद्देश्य पुरा हुने देखिंदैन । वितरण गरी स्थानीय जनतालाई लाभान्वित गराउनेतर्फ ध्यान दिनुपर्ने समेत देखिएको छ । भुकम्पका कारण फिल्ड निरीक्षणले मौज्दात रहेको र अव तत्काल वितरण गर्ने जनाएको छ ।

| पाइपको साइज एम.एम | दर | प्राप्ती परिमाण | वितरित परिमाण | बाँकी मौज्दात |
|---|---|---|---|---|
| १६ | २१.६२ | ३६०० | ० | ३६०० |
| २० | ३१.४९ | १५७०० | ५१०० | १०६०० |
| २५ | ४७.४७ | ६९०० | ४००० | २९०० |
| ३२ | ५३.११ | १८९०० | २३०० | १६६०० |
| ४० | ८२.२५ | २००० | ११०० | ९०० |
| ५० | १२७.३७ | ८०० | २०० | ६०० |

**विद्युत रोयल्टी व्यवस्थापन तथा वितरण (३०८१०९३)**

विद्युत विकास विभागको २०७१।९।२० को स्वीकृत अख्तियारी अनुसार जिल्ला भित्र विद्युतीय फलामे पोल, साना जलविद्युत पुनर्स्थापना साथै वैकल्पिक उर्जा एवम् लक्षित वर्गको उत्थान जस्ता कार्यक्रमको लागि यो वर्ष रु. १००६७९०००। वजेट तथा सोही अनुसार निकाशा प्राप्त गरेकोमा सो बाट कार्यक्रम संचालन हुन नसकी एकमुष्ठ रकम जिविस राजस्व बाँडफाँड खातामा ट्रान्सफर गरेको छ । वजेटमा रकमको व्यवस्था भई वार्षिक कार्यक्रम संचालन नगरी फ्रिज नहुने खातामा रकम ट्रान्सफर गरिनु उपयुक्त हुँदैन । खर्च नहुने भएबाट रकम फ्रिज नगर्ने उद्देश्यले व्यवस्था भएको वजेट अन्यत्र सार्न मिल्दैन । यसबाट सो शिर्षकको खर्च यथार्थपरक समेत भएन । तसर्थ खर्च नभएको रकम ट्रान्सफर गर्ने परिपाटीलाई रोक्नुपर्दछ ।

**झोलुङ्गेपुलतर्फ (३६५८०९४):**

झोलुङ्गेपुल मर्मतसंभार एवं निर्माणतर्फ यो वर्ष वार्षिक वजेट रु. ३८ लाख ३४ हजार बजेट व्यवस्था भएकोमा रु. २६९०२२८। खर्च गरी रु. ११ लाख ४३ हजार वरावरको रकम कार्यक्रम संचालन नगरी रकम फ्रिज भएको छ । वजेटमा रकमको व्यवस्था गर्ने तर तोकिएको कार्यक्रम संचालन नगरिनुले वजेट र कार्यक्रमको उपादेयता रहँदैन । कार्यक्रम, समय र वजेटलाई समन्वय गरी अपेक्षित प्रगति प्राप्त गर्नेतर्फ ध्यान दिन आवश्यक छ ।

| | | | | | |
|---|---|---|---|---|---|
| | ७।०७२।३।२३ | जिल्ला भित्रको ४३ गा.वि.स. र पालुङटार न.पा. को समेत १३४ वटा झोलुङ्गेपुलको हेरालुहरुको तलब पारिश्रमिक वापत प्रति पुल रु ६०००। ले रु ८०४०००। हेरालुले प्राप्त गर्ने गरी सम्बन्धीत गा.वि.स. खातामा रकम पठाएको देखिन्छ । वजेट कार्यक्रममा नियमित मर्मतमा रु. ६५००००। रकम व्यवस्था भएकोमा उक्त पारिश्रमिक सेवा र परामर्शमा वजेट रकम व्यवस्था भई सोही अनुसार खर्च गर्नुपर्नेमा सार्वजनिक निर्माणबाट एकमुष्ठ खर्च लेखेको, कार्यक्रममा व्यवस्था भए भन्दा रु १२००००। बढी खर्च लेखेको, हेरालुको नियुक्ति नविकरण गरी समर्थन नगरेको र पारिश्रमिक गा.वि.स. खातामा पठाएकोमा सम्वन्धीतले रकम बुझेको भर्पाइ समेत पेश नभएको रु. | ८०४०००।०० | | |
| | ८।०७२।३।२४ | वुङकोटघाट, कुरिनघाट, राङरुङ र जराङ स्थित झोलुङ्गेपुल मर्मतको लागि यो वर्ष ठेक्का व्यवस्थापन भएकोमा वुङकोटघाटको रु ४१९२००। राङरुङको रु ४४१२३५। र जराङको रु ७६०१००। मर्मत वापत मनासलु कन्सट्रक्सनलाई ठेक्का सम्झौता वमोजिम रकम भुक्तानी भएकोमा कुरिनघाटको पुल मर्मतका लागि रु. ४१११६५। को सम्झौता अनुसारको कार्य सम्पन्न नभएको देखिन्छ । समयमा कार्य सम्पन्न नगरेको कार्य सम्पन्न गर्नेतर्फ ध्यान दिन आवश्यक छ । उक्त पुलको कार्यपरिचालान पेश्की रु. ७८८००। फछ्र्यौट नभई बाँकी समेत देखिन्छ । २०७२ जेष्ठ १५ भित्र कार्य गर्ने समय समाप्त भएकोमा सो को म्याद थपको कारवाही समेत गरेको पाईएन । | | | |
| | | **गरिवसँग विश्वेश्वर कार्यक्रम (३६५८४५३)**<br>यो वर्ष परिचालकको पारीश्रमिक वापत रु ६०००००। र अन्य प्रशासनिक खर्च रु. १०३०००। एवम् कार्यक्रम प्रस्ताव, गा.वि.स. पत्र समेतका आधारमा विभिन्न कार्यक्रम संचालन गर्नको लागि रु. ३७५०००। खर्च लेखी व्यवस्था भएको बजेटमा रु. १० लाख ७८ हजार खर्च लेखेको देखिन्छ । गरिवी हटाई लक्षित वर्गको आयमा वृद्धि गर्न सरसफाई, खानेपानी लाईन ट्याङ्की निर्माण, कुवा मर्मत, हिउँदे सिँचाई आधारभूत लेखा जस्ता कार्यक्रम संचालनको लागि १० गा.वि.स.को प्रस्तावित कार्यक्रम वमोजिम रु. ३७५०००। स्थानीय विकास कोष सचिवालयले संचालन गर्ने गरी पठाएकोमा सो को खर्चको फाँटवारी पेश नभएको रु. | ३७५०००। | | |
| | | **साना सिंचाई नदी नियन्त्रणतर्फ (३६५८३७४):**<br>यो वर्ष साना सिंचाई सम्बन्धी योजना एवं नदी नियन्त्रण संचालन सम्बन्धी कार्यमा रु. २० लाख र मोहटार, भट्टफाँट र फुजेल गल्छी सिंचाई योजनाको लागि रु. ३० लाख समेत रु. ५० लाख बजेट व्यवस्था भएकोमा रु. ४९६४८५६।- खर्च भएको छ । ३ सिंचाई योजनाको कार्य सम्पन्न भएको र साना सिंचाई सम्वन्धी योजना एवं नदी नियन्त्रणतर्फ आवश्यक पर्ने जाली एवं पाईपहरु खरिद गरेकोमा लेखापरीक्षण अवधिसम्म खरिद भएका पाइप तथा जालीको मौज्दात अवस्था निम्नानुसार दर्शाईएको छ । मौज्दात रहने गरी खरिद गर्ने प्रक्रियाएका तर्फ उचित देखिँदैन भने अर्को तर्फ खरिद भएका सामानको गुणस्तरमा समेत ह्रास हुने हुँदा आवश्यकताअनुसार मागको पहिचान गरी वितरण गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ । | | | |

| विवरण | खरिद परिमाण | वितरण | मौज्दात | मौज्दात मूल्य |
|---|---|---|---|---|
| २०० mm पाइप | ४३२ मी. | १३३ मी. | ३०९ मी. | ४८२९०२/- |
| १६८३ ब.मी. जाली | १५३ चान | २० थान | १३३ थान | ३८८४९९/- |
| २५० mm पाइप | ३१७ मी. | १५२ मी. | १६५ मी. | ४०२३५९/- |

**आर्थिक केन्द्र तथा दुई जिल्ला जोड्ने सडकतर्फ (३३७१०७४):**_यो बर्ष आर्थिक केन्द्र तथा दुई जिल्ला जोड्ने सडकको लागि रु. ७६३४०००।- बजेट व्यवस्था भएकोमा रु. ६३८२४४२।- खर्च भई रु. १२५१५५८ खर्च नभई बजेट रकम खर्च हुन नसकेको देखियो । जिल्ला भित्र संचालित अख्तियारी बमोजिम छनौट गरिएका १६ सडकको अख्तियारी २०७१।१२।१ मा मात्र प्राप्त भएको देखिन्छ । कार्यक्रम बमोजिम देहाय अनुसार उपभोक्ता समितिबाट सडक निर्माणमा खर्च भएको विवरण देहाय अनुसार छ ।

| सडक विवरण | कुल बिल | भुक्तानी | हेभि इक्ययूपमेन्ट खर्च | सम्झौता |
|---|---|---|---|---|
| आलेगाउँ बेतेनी | ५२०२९७ | ४५१२००० | ३६७००० | ०७२/१/९ |
| अनुवा पुरुण्डी | ५५३४६५ | ४५१२०० | १७५००० | ०७२/२/१२ |
| फिस्लिङ्ग देवीस्थान | ६१६०९७ | ४५१२०० | ० | ०७२/२/१३ |
| ढुंगागाडे अवलटारी | ४८६२०४ | ४३६९८१ | १६१५९० | ०७२/२/१३ |
| भच्चेक घोगेनी | ४९९०३८ | ४६१११५ | ० | ०७२/२/३१ |
| गुम्दा पैटु लापुवेशीं | ५८६७९८ | ४७५२०० | ० | ०७२/२/२५ |
| राइनासटार कुरिनटार | ५३४५८५ | ४७०४०० | २७६०५१ | ०७२/२/३२ |
| बुट्टार मकैसिं | ४७१८३१ | ४१४३९४ | २१३७४६ | ०७२/२/२१ |

| | | | | |
|---|---|---|---|---|
| पातीस्वांरा | | | | |
| बुंकोट काउले | ४२४३९८ | ४१२९१४ | १६५००१ | ०७२/२/१७ |
| भाक्रिटार शान्तिबजार | ५३३१३७ | ४७०००० | ३६०२३१ | ०७२/२/२४ |
| बोहोरा गाउँ राउटेपानी | २४०८२३ | २१९२७७ | २४६११४ | ०७२/२/३० |
| लुँदीखोला सडक | ५०६४५६ | ४७०००० | २४०१२५ | ०७२/२/२९ |
| ढुंगागाडे ज्यादुल सडक | २१५७७६ | २०९७९४ | १७७६४६ | ०७२/२/३१ |
| नयाँ चौतारा माभगाउँ | २९१०४६ | २५७६७४ | २३९८०० | ०७२/२/३० |
| पाँचखुवा देउराली | ३४३७८२ | २९८५१९.०० | ३१४२४९ | ०७२/२/३२ |
| सालघारी बेतेनी | २४१८९४ | २४१८९४.०० | ठेक्का | ०७२/३/१ |

उल्लेखित निर्माण कार्यमा निम्न व्यहोरा देखिन आएको छ ।

- सालघारी वेतेनी पौवाटार सडक उपभोक्ता समितिले कार्य नगरेको र कार्यालयले सोभै दरभाउ पत्र लिई एवान कन्स्ट्रक्सन संग २०७२।३।१ मा सम्भौता गरी रु. २४१,८९४।- भुक्तानी गरेको देखिन्छ । उपभोक्ताको योगदान जुटाई कार्य गर्नुपर्नेमा गरेको देखिएन । यस्तो प्रक्रियालाई निरुत्साही गरिनु पर्दछ ।
- बोहोरागाउँ राउटेपानी, ढुंङ्गागाडे ज्यादुल सडक, नयाँ चौतारा माभगाउँ, सालघारी वेतेनी सडकको कार्य तोकिए बमोजिम हुन नसकी बजेट खर्च हुन नसकेको स्थिति देखिन्छ । बजेट बमोजिम उपभोक्ता समितिले सम्भौता सम्पन्न गर्ने तर कार्य प्रगति कम गर्ने स्थिति उपयुक्त देखिएन ।
- निर्माण कार्यको सबै सम्भौता २०७२ जेष्ठ १५ देखि शुरु भई २०७२।३।३० भित्र सम्पन्न भएको उपभोक्ता समिति र प्राविधिक प्रतिवेदनबाट देखिएको छ । आर्थिक बर्षको अन्तमा आई हतारमा कार्य गर्ने र निर्धारित उपभोक्ता योगदान समेत नजुट्ने स्थितिले निर्माण कार्यको अपेक्षित उपलब्धि प्रभावकारी देखिँदैन ।

| | | | | | |
|---|---|---|---|---|---|
| | | ➢ सार्बजनिक खरिद नियमावली, २०६४ को नियम (९७) को उप नियम ९ बमोजिम गठित उपभोक्ता समिति वा लाभग्राही समुदायबाट संचालित हुने निर्माण कार्यमा एक्साभेटर जस्ता मेसिनहरु प्रयोग गर्न नसकिने उल्लेख छ । नियममा व्यवस्था हुँदा हुँदै १२ सडकका उपभोक्ता समितिबाट माथि उल्लेखित भए बमोजिम हेभी इक्युपमेन्ट प्रयोग गरी कार्य घण्टा तथा सो मा प्रयोग हुने इन्धन वापत रु. २६,२०,६५३।- भुक्तानी गरेको देखिन्छ । नियम विपरित यस्तो प्रक्रियामा सम्झौता गर्ने र खर्च गर्ने प्रक्रियाललाई तत्काल निरुत्साहीत गरिनु पर्दछ । | | | |
| | | **स्थानीय यातायात पूर्वाधार क्षेत्रः**<br>यो वर्ष जिल्लाको विभिन्न क्षेत्रमा यातायात पूर्वाधारको विकास गर्न वजेट रु. १ करोड ७३ लाख व्यवस्था भएकोमा वर्षान्तमा रु. १३०६५४७७ खर्च भई वजेटको तुलनामा २५ प्रतिशत घटी खर्च भएको छ । खर्च वजेट मध्ये मुख्यरुपमा १८ उपभोक्ता समितिबाट विभिन्न सडकमा रु. ६६ लाख ९७ हजार, लाप्राक गुफसी उहिया गाउँसम्मको ३ कि.मि. ट्र्याक खोल्ने कार्य वापत र. ४९ लाख ४६ हजार र सोही सडकको डिपिआर वापत रु. १० लाख खर्च गरेको छ । वजेटमा रकमको व्यवस्था हुँदाहुँदै रु. ४२३४५२३। निकाशा फिर्ता गरेको छ । वजेट तथा कार्यक्रमको अधिनमा रही कार्य सम्पन्न गरी प्रगति प्राप्त गर्नुपर्ने र आर्थिक वर्षको अन्तमा आई उपभोक्ता समिति लगायत ठेक्का व्यवस्थापन कार्यलाई निरुत्साहित गरिनुपर्नेतर्फ ध्यानाकर्षण गरिएको छ । | | | |
| | ७।०७२।२।६ | लाप्राक गाविसको गुफसी भञ्ज्याङ देखि गुम्दा गाविसको सिङला हुम्दै उहिया गाविसको माथिल्लो गाउँसम्मको सडक नयाँ ट्र्याक खोल्ने कार्यमा निर्माण कार्यको लागि सडक निर्माणको DPR तयार गर्ने लगायतका कार्य गर्न भनि प्राविधिक कार्यालयमा २०७२।२।६ मा निकाशा प्रदान गरेकोमा डकुमेन्ट सहित प्रगति संप्रेषण गर्ने गरी रु. १० लाख उपलब्ध गराएको देखिन्छ । आफ्नै श्रोत, जनशक्ति एवं प्राविधिक समय तथा गुणस्तरीय प्रतिवेदन तयारीमा जनशक्ति हुँदाहुँदै यथार्थ कारण वेगर रकम उपलब्ध गराई खर्च गर्ने स्थिति उपर्युक्त देखिएन । | | | |
| | २१।०७२।३।२५ | उपभोक्ता समितिबाट कार्य गराउँदा हेभि इक्युपमेन्ट प्रयोग गरी कार्य गर्न नपाईने खरिद नियमावली २०६४ को नियम ९७ मा व्यवस्था छ । उदाहरणको लागि लापू गाउँ छापागाउँ हुँदै सिर्दिवास सडक उपभोक्ता समितिसँग २०७१।१०।४ मा २०७२।२।२८ मा कार्य सम्पन्न गर्ने गरी कार्यालयबाट रु. १२ लाख व्यहोर्ने र बाँकी रु. १३९०९१०। समितिको योगदान हुने गरी सम्झौता भएकोमा २०७२।२।२८ मा रु. १९५२६०। वरावर मूल्यांकन तथा सो को कार्यसम्पन्नताको आधारमा भुक्तानी गरेको छ । उक्त भुक्तानी रकममा हेभि इक्युपमेन्ट वापत रु. ११४९२२० समितिले खर्च गरेको प्रमाण एकातर्फ पेश गरेको छ भने अर्को तर्फ उल्लेखित लागत अनुमानमा उपभोक्ताको योगदान ४६ प्रतिशत घटी देखिन्छ । अतः नियममा व्यवस्था भएको प्रकृया पुरा हुनुपर्ने र उपभोक्ताको योगदान अनुमान बमोजिम जुटाउने स्थितिमा तत्काल सुधार हुनुपर्दछ । | | | |
| | २९।२०७२।३।३० | लाप्राक गाविसको गुफसी भञ्ज्याङ देखि गुम्दा गाविसको सिङ्गला हुँदै उहिया गाविसको माथिल्लो गाउँसम्मको | | | |

सडक तथा ट्रयाक खोल्ने ३ कि.मि. बाटोको लागत अनुमान रु. ७४०९६९२। मा १ मात्र वोलपत्र स्वीकृत भई गंगा जमुना निर्माण सेवाको रु. ७४०२४१५। को स्वीकृत वोलपत्र अनुसार रु. ४९४६२६९। भुक्तानी गरेकोमा निम्न व्यहोरा देखिन आएका छन् ।

- सम्झौता २०७२।२।२७ मा भई २०७२।३।२७ मा कार्य सम्पन्न भएको देखिन्छ । उक्त निर्माण सम्झौतामा विमाको स्थितिलाई BOQ मा समावेश गरेको छैन ।
- ३+१६० कि.मी. सडकको ट्रयाक खोल्ने लागत अनुमानमा नरम माटो र कडा माटोको १९१५१ र १०४२७ घनमिटर परिमाण तथा नरम, मझौला र कडा चट्टानको क्रमशः ९५७५, ४३६२ र ४३६२ घनमिटरको प्रतिदर अनुसार ७४ लाख १० हजारको लागत अनुमान तयार गरेकोमा नरम चट्टान तर्फ १९२६ घनमिटर, मझौला चट्टान तर्फ ९२४ र कडा चट्टानतर्फ १७६ घनमिटरको कार्य गरी कूल सडकको परिमाण सम्पन्न भएको देखिन्छ । तयार गरेको लागत अनुमानको करिब ६७ प्रतिशतले बढी हुनेगरी लागत रकम अनावश्यक रुपमा गणना हुँदा लागत अनुमान अंक बढेको देखिन्छ । नरम माटोलाई कडा चट्टानमा परिणत गरी लागत अनुमान तयार गर्नु उपयुक्त देखिएन । निर्माण व्यवसायीबाट कार्य सम्पन्न गरी नापी बमोजिम भुक्तानी भएको अवस्थामा सोही चेनेजमा थप रकमको भुक्तानी गर्न मिल्दैन । लागत अनुमान वास्तविकताको आधारमा तयार गरिनुपर्दछ ।

**<u>स्थानीय स्तरका पुल सडक तथा सामुदायिक पहुँच कार्यक्रम (३६५८३१४) तर्फ</u>**

यो वर्ष स्थानीय स्तरका पुल सडक तथा सामुदायिक पहुँच कार्यक्रम अन्तर्गत बार्षिक बजेट रु. ४५०००००।- व्यवस्था भएकोमा उक्त बजेटबाट यो वर्ष देहाय बमोजिम खरिद सम्झौता सम्पन्न गरेको छ ।

| आयोजनाको नाम | ल.ई. रकम | सम्झौता रकम | मिति | कार्य परिचालन पेश्की रकम |
|---|---|---|---|---|
| एडभेन्चर धनथान जे.भी. भुसुण्डे खोला पक्की पुल | १७५६२९६६.०० | १२७४४५५९.०० | २०७२ आषाढ | ८८५०००.०० |
| एडभेन्चर धनथान जे.भी. दरौंदी खोला पुल | ४०७७०२१७.०० | ३५२३७९१४.०० | २०७२ आषाढ | २५३००००.०० |
| भिमज्योती प्रा.लि.जराङ | २२६२६६६७.०० | १४२४०५९९.०० | २०७२ आषाढ | ९०५०००.०० |

| | | | | |
|---|---|---|---|---|
| खोला पुल | | | | |
| जम्मा | | ६२२२३०७२.०० | | ४३२००००.०० |

यस सम्वन्धमा देखिएका व्यहोरा निम्न छन् :

- सार्बजनिक खरिद ऐन २०६४ संसोधन २०७१ बमोजिम लागत अनुमानमा  बढी घटेको खरिदमा ऐनले व्यवस्था गरे बमोजिमको १३ प्रतिशत कार्य सम्पादन जमानत लिनुपर्नेमा घटी लिएको देखिँदा जमानत बढाउनुपर्ने  देखिएको रु.

१२२६०००।-

| विवरण | थप रकम | घटेको प्रतिशत |
|---|---|---|
| जराङ पक्की पुल तर्फ | ९२६०००/- | ३६.०६ |
| भुसुण्डे पक्की पूल तर्फ | ३०००००/- | २७.४३ |
| **जम्मा** | **१२२६०००/-** | |

- सम्झौताको विशेष शर्त बमोजिम उल्लेखित ३ पुल निर्माण सम्झौता अनुसार कार्यको ११५ प्रतिशत, आकस्मिक १० लाख र अन्य दोहोरो दुर्घटना लाभ सहितको व्यक्तिगत बीमा बापत रु. ५० लाखको शर्त अनुसार निर्माण व्यवसायीले सम्झौता एवं कार्य परिचालन पेश्की पूर्व सोको विमा लेख एवं विमा तिरेको प्रिमियम रसिद पेश गर्नुपर्नेमा गरेको नदेखिँदा उक्त शर्त पुरा भएको त्रुटी सच्याउने अवधिसम्मको विमा प्रमाण पेश गरी उपलब्ध गराएको कार्यपरिचालन पेश्की रकमलाई प्रमाण प्राप्त गरी नियमित गर्नुपर्ने रु.
- दुई एवुटमेन्ट १ पियर दुई स्पानको ६०.६५ मिटर Rcc Steel Grider Open Foundation मोटरेवल पुल निर्माणको लागि २०७२।३।१ मा एडभेन्चर धनथान संयुक्त उपक्रम सँग २४ महिना भित्र कार्य सम्पन्न गर्नेगरी सम्झौता भएको छ । २०७२ भाद्रको पहिलो हप्ता कार्यस्थलमा निर्माण सामग्री संकलन गर्ने र फाउण्डेशनको कार्य २०७२ माघ देखि, सब स्ट्रक्चरको कार्य २०७२ फाल्गुण देखि र २०७३ आश्विन देखि सुपर स्ट्रक्चरको कार्य गर्ने कार्य सेड्युल पेश भएकोमा निर्माण व्यवसायीबाट सामग्री संकलनको कार्य नगरी सेड्युललाई प्रभाव पारेको देखिन्छ । समयमा कार्य सम्पन्न गर्ने तर्फ ध्यान दिन आवश्यक छ ।

४३२००००।००

- Single spam Rcc २० मिटरको भुसुण्डे पक्की पुलको कार्य पनि २०७२ भाद्र देखि शुरु गर्ने रहेकोमा

<table>
<tr><td></td><td></td><td>
<ul>
<li>सो को कार्यान्वयन प्रक्रिया शुरु भएको छैन । प्रेषित सेड्यूल बमोजिम प्रगति लिन तत्काल ध्यान दिनुपर्दछ ।</li>
<li>दुइ स्पान ३२ मिटर जराङ पक्की पूलको २०७२ भाद्र पहिलो हप्ता देखि साइटमा सामग्री संकलन गरी कार्य शुरु गर्ने सम्झौताको शर्त तथा पेश गरेको कार्य सेड्युलमा व्यवस्था भएकोमा कार्य प्रक्रिया शुरु भएको छैन ।</li>
<li>समयमा कार्यान्वयन नगर्ने र म्याद थप गरी थप समयको मूल्य बृद्धि प्रक्रियालाई नियन्त्रण गर्नेतर्फ बर्तमान अवधिमा निर्धारित कार्ययोजना बनाई निर्माणलाई प्रभावकारी रुपमा अगाडी बढाउन जरुरी देखिएको छ ।</li>
</ul>
</td><td></td><td></td><td></td></tr>
<tr><td></td><td></td><td>निर्वाचन क्षेत्र विकास कार्यक्रम (३६५८५०३)<br>निर्वाचन क्षेत्रको विकासको लागि योजना स्वीकृती, सिफारिस आदिको आधारमा कार्यक्रम संचालन गर्न तथा निर्वाचन क्षेत्र विकास कार्यक्रम कार्यविधि बमोजिम खर्च गर्न २०७१ चैत्रमा अख्तियारी प्राप्त भई कुल रु. ३ करोड ९० लाख वजेट व्यवस्था भएकोमा वर्षान्तमा रु. ३३४७६७२४। खर्च भई रु. ५५२३२७६। वजेट खर्च नभई फिर्ता भएको छ । अख्तियारी तेस्रो चौमासिकमा प्राप्त हुने र आर्थिक वर्षको अन्तमा आई कार्यक्रम संचालन गर्दा एकातर्फ वजेट खर्च कम हुने, अर्कोतर्फ कार्य सम्पन्न गर्न योजनाहरु अधुरो रहने तथा कार्यको गुणस्तरमा समेत अपेक्षित प्रतिफल प्राप्त नहुने अवस्था हुन जानाले अख्तियारी प्राप्ती र कार्यक्रम संचालन तथा खर्च प्रगतिमा मुख्य रुपमा ध्यान दिनुपर्ने देखिन्छ ।</td><td></td><td></td><td></td></tr>
<tr><td></td><td>१६।०७२।२।३१</td><td>निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रम क्षेत्र नं. १-३ को विषयगत कार्यालयहरुलाई रकम निकाशा गरी कार्यक्रम सम्पन्न गर्ने २०७१।१०।२२, २६ र २७ को निर्णय बमोजिम देहायका कार्यालयलाई खानेपानी, सिंचाई र विद्युत सम्बन्धी वार्षिक कार्यक्रम कार्यान्वयनका लागि रकम उपलब्ध गराएको देखिन्छ । स्थानीय निकाय श्रोत परिचालन तथ व्यवस्थापन कार्यविधि, २०६९ बमोजिम जिल्ला विकास समितिले छनौट भएका कार्यक्रम जिल्लास्थित विषयगत कार्यालयमार्फत संचालन गर्न वाधा नपर्ने स्थिति दर्शाई रु. ८३ लाख विषयगत कार्यालयलाई उपलब्ध गराएको देखिन्छ ।
<table>
<tr><td>कार्यालयको नाम</td><td>रकम</td></tr>
<tr><td>आरुघाट विद्युत वितरण केन्द्र</td><td>१४०००००।-</td></tr>
<tr><td>सिंचाईं सव-डिभिजन कार्यालय</td><td>२७०००००।-</td></tr>
<tr><td>खानेपानी तथा सरसफाई कार्यालय</td><td>४२०००००।-</td></tr>
<tr><td>जम्मा</td><td>८३०००००।-</td></tr>
</table>
</td><td></td><td></td><td></td></tr>
</table>

<table>
<tr><td></td><td></td><td>विषयगत क्षेत्रमा उपलब्ध गराएको निकाशा कार्यान्वयनको जिम्मा दिएका कार्यक्रमको हकमा लेखापरीक्षण तथा अन्य व्यवस्था स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ बमोजिम सो को लेखापरीक्षण गरी प्रतिवेदन पेश गर्नुपर्नेमा आरुघाट विद्युत वितरण केन्द्रमा गएको श्रेस्ताको खर्च स्थिति, वित्तिय प्रगति र कार्यसम्पादनको भौतिक प्रगति पेश नभएको रु.</td><td>१४०००००।-</td><td></td><td></td></tr>
<tr><td></td><td></td><td>विभिन्न भौचर तथा मितिको विलवाट योजना सिफारिस एवं मुल्यांकन र कार्यसम्पन्नताको आधारमा विद्यालय तथा संस्थालाई फर्निचर लगायत खप्ने सामान खरिद वापत रकम उपलब्ध गराएकोमा विद्यालयको जिन्सी खातामा लेखाङ्कन गरेको प्रमाण पेश नभएको देखिन्छ । यस्तो प्रकृयामा सुधार ल्याइनुपर्दछ । केहि उदाहरणहरु निम्नानुसार छन् ।
<table>
<tr><td>२३।०७२।३।९</td><td>गण्डकी निमावि धावा</td><td>फर्निचर खरिद</td><td>१००००० ।-</td></tr>
<tr><td>२७।२०७२।३।१४</td><td>जलदेवी मा.वि. ताक्लुङ</td><td>फर्निचर खरिद</td><td>९८५००।-</td></tr>
<tr><td>३७।०७२।३।२२</td><td>ढुङ्गागाडे नि.मा.वि. फिनाम</td><td>फर्निचर खरिद</td><td>४९२५०।-</td></tr>
<tr><td>६६।०७२।३।२८</td><td>सुर्योदय नि.मा.वि. गुम्दा</td><td>फर्निचर खरिद</td><td>६०६००।-</td></tr>
<tr><td>६९।०७२।३।२८</td><td>धनिसरा मा.वि. गुम्दा</td><td>पुस्तक खरिद</td><td>१४७७५०।-</td></tr>
<tr><td>२२।०७२।३।९</td><td>परिवर्तनका लागि समाज</td><td>वृत्त चित्र</td><td>९८५००।-</td></tr>
</table></td><td></td><td></td><td></td></tr>
<tr><td></td><td></td><td>उपभोक्ता समितिले हेभि इक्युपमेन्ट प्रयोगमा ल्याई कार्य गर्दा कूल मूल्यांकन विलमा निम्नानुसारको रकम हेभि इक्युपमेन्टमा खर्च गरेका उदाहरण निम्न छन् ।
<table>
<tr><td>उपभोक्ता समिति</td><td>कूल विल रु.</td><td>भुक्तानी रु.</td><td>कूल विल मध्ये हेभी इक्युपमेन्ट खर्च रु.</td></tr>
<tr><td>चुरुङ चण्डीडाडा आरुपोखरी</td><td>१४६१९९।००</td><td>१२५०००।००</td><td>७९९९९।००</td></tr>
<tr><td>आँपपिपल सापकोटा गाउँ</td><td>२५०२५५।००</td><td>१९७०००।००</td><td>१२५०००।००</td></tr>
</table></td><td></td><td></td><td></td></tr>
</table>

| | | | |
|---|---|---|---|
| वक्रेश्वर मा.वि. वश्राङ | ११८३६८२।०० | ९८५०००।०० | ० |
| सिउरेनीटार हुँदै इट्टार सडक | १८५१०६४।०० | १५०००००।०० | ७५५७४४।०० |

| | | | | | |
|---|---|---|---|---|---|
| | १०२।०७२।३।३० | नयाँ साघु सान्नानी सिम्ले चिप्लेटी सडकक माटो कटिङ तथा ड्रेन निर्माण कार्यको कूल लागत अनुमान रु. ९७३१५०। को सिलवन्दी प्रतिस्पर्धामा ५२ प्रतिशतघटीमा कार्य गर्न इच्छुक अन्नपूर्ण निर्माण सेवा सँग २०७२।२।१० मा सम्झौता भई २०७२।३।२५ मा कार्य सम्पन्न गर्ने गरी समय तय भएकोमा निर्माण व्यवसायीलाई कार्य बिल बमोजिम रु. ४४४८९०।- भुक्तानी भएको छ । लागत अनुमान बमोजिम ९१६८ घ.मी. माटो कटीङ्ग र २९१ घ.मी. ड्रेनको कार्य रु. ४५७४५८।- को स्वीकृत रकममा सम्पन्न गर्नुपर्नेमा साइट ड्रेन २९१ घ.मी.मा ११२.५ घ.मी. अर्थात् ३०० मीटर मात्र बनाई कार्य सम्पन्नताको आधारमा भुक्तानी गरेको छ । सम्झौताको बाँकी रकममा करिब ७७५६ मीटर ड्रेन मध्ये ४७५ मीटर ड्रेन रु. १२५६८।- मा सम्पन्न गर्नुपर्ने स्थिति सम्झौता अनुसारको लागत अनुमानका रहेकोमा उक्त कार्य नगरी निर्माण कार्यको नापी बमोजिम सम्पन्न गर्ने स्थिति उचित र सम्झौता अनुकूल देखिँदैन । सम्झौता बमोजिम ४७५ मिटर ड्रेन नबनेको स्थिति छ । यस्तो अवस्थामा सम्झौता गर्ने तर कार्य पुरा नगर्ने निर्माण व्यवसायीलाई कारबाही गरेको समेत नगरेको रु. | ४४४८९०।०० | | |
| | ९७।०७२।३।३० | सातदोबाटो जोगीडिही बागडाँडा गाईखुर सडकको स्तरोन्नती कार्यमा यूनिक कन्स्ट्रक्सन सँग विभिन्न आईटमको कार्य गर्न २०७२।२।७ मा सम्झौता भई रु. ९७१९०१।९४ को लागत अनुमानमा रु. ६०६१०८।- भुक्तानी गरेको छ । लागत अनुमान बमोजिम सम्पन्न गर्नुपर्ने परिमाण भन्दा सबग्रेड, सववेस तथा साइड ड्रेनको कार्य परिमाणमा बढी भुक्तानी भएको छ । गर्नुपर्ने परिमाण भन्दा बढी गरेको परिमाणको भुक्तानीको स्पष्ट आधार र वढी काम गर्नुपर्नाको स्थिति खोली विवरण स्वीकृत गरेको नदेखिएको रु. | ४७५१४।- | | |
| | ९६।०७२।३।३० | धारापानी नेपाने विर सिं सडक निर्माण कार्यको लागि रमेश निर्माण सेवा सँग रु. ७,०७,४४४।- मा कार्य गर्ने गरी सम्झौता सम्पन्न भएकोमा माटो खन्ने कार्य लागत अनुमान बमोजिम ७३५६ घ.मी. रहेकोमा ३४१९.८५ घ.मी. मात्र कार्य गरेको र कडा चट्टान खन्ने कार्यको लागत अनुमान परिमाण ४८० घ.मी. रहेकोमा १५४३ घ.मी.को बढी दरको परिमाण कार्य बढाई निर्माण गरेको एवं साइड ड्रेन ३६७८० घ.मी. गर्नुपर्नेमा ९० घ.मी.को कार्य मात्र भई निर्माण व्यवसायीलाई रु. ७,०७,४४४।- भुक्तानी गरेको छ । कम दरको गर्नुपर्ने परिमाण भन्दा घटी गर्ने र बढी दरको गर्नुपर्ने परिमाण भनदा धेरै गर्ने स्थिति उपयुक्त देखिँदैन । कडा चट्टान खन्ने कार्यको ल.ई परिमाण ४८० घ.मी.मा १५४३.३५ घ.मी. गरेकोमा बढी कार्य गरेको १०६३.३५ घ.मी.को प्रति घ.मी. रु. २५५।५० ले मु.अ.क. समेत रु. ३,०७,०००।- बढी कार्यको भुक्तानी भएको देखिन्छ । यस्तो प्रकृया नियन्त्रण गरिनुपर्दछ । साथै लागत अनुमान यथार्थपरक वनाईनुपर्दछ । | | | |

<table>
<tr><td></td><td></td><td>प्रतिस्पर्धात्मक रुपले खरिद प्रक्रिया अवलम्वन गर्नुपर्नेमा देहायमा उल्लेखित कार्य दरभाउपत्रको आधारमा सोभै खरिद गरेको छ। सोभै खरिद गर्ने स्थितिलाई निरुत्साहित गर्नुपर्ने देखिन्छ।
<table>
<tr><th>भौ.नं</th><th>विवरण</th><th>फर्म/कम्पनी</th><th>रकम</th></tr>
<tr><td>९९/०७२/३/३०</td><td>सातदोबाटो गाइखुर सडक</td><td>शिव भगवती निर्माण सेवा</td><td>४२२५८६/-</td></tr>
<tr><td>९८/०७२/३/३०</td><td>धारापानी नेपाने सडक</td><td>श्रेष्ठ निर्माण सेवा</td><td>२६९६६०/-</td></tr>
<tr><td>१३०/०७२/३/३०</td><td>नयाँ साँघु सान्नानी सडक</td><td>सिमरन निर्माण सेवा</td><td>१७१८१७/-</td></tr>
</table></td><td></td><td></td><td></td></tr>
<tr><td></td><td>२५।२०७२।३।१४</td><td>नवजागरण युवा समूहलाई महिला दलित एवं युवा स्तरीय सीप विकास सम्बन्धी कार्यक्रममा ग.१ च. ९३६० नम्वरको गाडीबाट सामान ढुवानी गरी सुरज ढकाललाई भाडा वापत भुक्तानी दिएकोले सम्बन्धीतबाट असूल गरी दाखिला गर्नुपर्ने भनि आन्तरिक लेखापरीक्षण प्रतिवेदनबाट औंल्याईएकोमा लेखापरीक्षण अवधिसम्म दाखिला नभएको रु.</td><td>२४००।००</td><td></td><td></td></tr>
<tr><td></td><td>३०।०७२।३।१७</td><td>गोरखा गौरव प्रतिष्ठानलाई कार्यक्रम वापत रु. १७४७७५०। भुक्तानी गर्दा रु. १६०००। फोटोकपी गरेको भर्पाई संलग्न रहेको रु. १६०००। नियमित गर्नुपर्ने र अनुगमन प्रतिवेदन विना नै निम्नानुसारका कर्मचारीहरुलाई रु. ६०००। खर्च लेखेकोले रु ६०००। असूल गर्नुपर्ने भनि आन्तरिक लेखापरीक्षण प्रतिवेदनबाट औंल्याईएकोमा नियमित तथा असूल नभएको रु.
<table>
<tr><th>सि.नं.</th><th>कर्मचारीको नाम</th><th>वुझेको रकम</th></tr>
<tr><td>१.</td><td>नुरराज कडरिया</td><td>१०००।</td></tr>
<tr><td>२.</td><td>जानुका कुँवर</td><td>१०००।</td></tr>
<tr><td>३.</td><td>पूर्ण भद्र पौडेल</td><td>१०००।</td></tr>
<tr><td>४.</td><td>गोपी कुँवर</td><td>१०००।</td></tr>
<tr><td>५.</td><td>विष्णु प्रसाद घिमिरे</td><td>१०००।</td></tr>
<tr><td>६.</td><td>कल्पना घिमिरे</td><td>१०००।</td></tr>
</table></td><td>२२०००।</td><td></td><td></td></tr>
<tr><td></td><td>३३।२०७२।२।२१</td><td>भुकम्प पिडित तत्काल राहत तथा व्यवस्थापनः<br>२०७२ वैशाख १२ मा गएको महाविनाशकारी भुकम्पबाट उत्पिडित नागरिकहरुलाई तत्काल राहत पुर्‍याउने उद्देश्यले जिल्लाका ६० गाविसमा प्रति गाविस ९ लाखका दरले रु. ५ करोड ४० लाख अनुदान निकाशा उपलब्ध गराएको छ। राहत सहयोग संचालन कार्यविधि २०७२ मा समेत खर्च गर्दा वस्ती तथा वडामा</td><td></td><td></td><td></td></tr>
</table>

| | | | | | |
|---|---|---|---|---|---|
| | | भएको क्षतिको विश्लेषण गरी उपयोग गर्ने उल्लेख छ । तर जिल्लाका सवै ६० गा.वि.स हरुमा समान रुपले प्रभावित नभएको स्थितिमा समान रकम निकाशा दिँदा कुनै गा.वि.स. लाई वढीभई अन्यत्र खर्च गर्ने र कनैमा अपुग हुने अवस्था रहन्छ ।<br><br>राहत खरिद, वितरण तथा सो को अवस्था वारेमा अनुगमन प्रतिवेदन प्राप्त भएन । भुकम्प प्रभावित क्षेत्रमा तत्काल राहत सहयोग संचालन कार्यविधि, २०७२ बमोजिम खर्च गर्दा असरको गम्भिरताको आधारमा प्राथमिकीकरण गरी आवश्यकतानुसार क्षतिको विश्लेषण गरी प्राथमिक उपचार, आवास शिविर सामग्री व्यवस्थापन, ७ दिनको खाना व्यवस्थापन र सरसफाईको लागि उल्लेखित रकम खर्च गर्न सकिने प्रावधानमा उल्लेख छ । साथै सोही कार्यविधि बमोजिम उक्त रकमको विनियोजन, परिचालन तथा अनुगमन गर्न छुट्टै समिति रहेको र सो समितिले प्रतिवेदन उपलब्ध गराउने व्यवस्था रहेकोमा अनुगमन प्रतिवेदन लेखापरीक्षणमा पेश भएन । २०७२ जेठ २५ भित्र उक्त रकम खर्च गर्नुपर्ने र खर्च नभएमा जिविसमा फिर्ता गर्नुपर्ने रहेकोमा कति खर्च भयो या बाँकी छ सोको विवरण र २०७२ जेष्ठ मसान्तभित्र खर्चको सार्वजनिक परीक्षण गरेको उपस्थिति विवरण तथा तत्सम्वन्धी विल भरपाई समेत पेश भएन । यसबाट राहत खर्चको यथार्थता यकिन हुन नसकेकोले विल भरपाई, अनुगमन प्रतिवेदन र सार्वजनिक परीक्षण प्रतिवेदन पेश हुनुपर्ने रु. | ५४०००००।०० | | |
| | | २०७२ वैशाख १२ गते र त्यसपछी विभिन्न मिति एवम् समयमा गएको भुकम्पबाट प्रभावित भएका संकटग्रस्त जिल्लाहरुका अति प्रभावित गाउँ विकास समिति र नगरपालिकाहरुमा राहत वितरण, पुनर्वास एवम् पुनर्स्थापना लगायत विपद पश्चातको आवश्यकता मूल्यांकन (Post Disaster Need Assessment) का कार्यहरु गर्न प्राविधिक सहितको भुकम्प प्रभावित क्षेत्रमा खटिने टोलीको संक्षिप्त कार्यविधि, २०७२ बमोजिम सूचना संकलन गरी राहत कार्यमा सहयोग गर्न, एकीकृत पुनर्वास योजना वनाउन सहयोग पुर्‍याउन, संरचनाको निरीक्षण गरी पुनर्निर्माण गर्न सहयोग पुर्‍याउने जस्ता उद्देश्यले गाविस तथा नगरपालिकामा खटिने कर्मचारीको लागि प्रति टोली रु. २५०००। ले रु. १७ लाख २५ हजार टोलीको कार्यसंचालनको लागि विविध भुक्तानीको रुपमा रकम खर्च भएको छ । खर्च भएको ६९ टोलीको उक्त रकम मन्त्रालयबाट खर्च सोधभर्ना भएको नदेखिएको रु. | १७२५०००।०० | | |
| | | **दैवी प्रकोप बैठक र निर्णयः-** भूकम्पबाट भएको क्षतिलाई तत्काल व्यवस्था गर्न २०७२।१।१२ देखि २०७२।४।१५ सम्म जिल्ला दैवी प्रकोप उद्धार समितिको ४१ वटा बैठक बसी २२६ वटा निर्णय गरेको छ । उल्लेखित बैठकमा मुलत घाइतेको पउचार, मृतकको सनाखत एवं जिम्मा, राहतको वितरण, कोषमा रकम सहायता, स्वास्थ्य सेवा तथा उपचार, व्यवस्था, संघसंस्था एवं राजनीतिकदल बीचको समन्वय, अवरुद्ध सडक संचालन, खाद्यान्न लत्ताकपडा, विद्युत, यातायात, मर्मत संभार, उपसमितिहरुको गठन तथा व्यवस्थापन, तथ्यांक संकलन, अनुगमन तथा मूल्यांकन, सुरक्षा व्यवस्था, टेण्टपाल व्यवस्थापन, सूचना डेस्क, क्वीक रेस्पोन्स टिम, पुनःस्थापना, गा.वि.स.मा राहत वितरण, मृतकको काजकिरिया एवं सहयोग रकम वितरण, नाका संचालन, स्वास्थ्य क्याम्प खडा, पूनर्निर्माण इजाजत फुकुवा, विद्यालय व्यवस्थापन, खानेपानी तथा सरसफाई, पिडितको उद्धार तथा खोज, अस्थायी आश्रयस्थल तथा संरक्षण केन्द्र, औषधी उपकरण एवं | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | चिकित्सक व्यवस्थापन, जस्तापाता वितरण, कुपन वितरण, पुनर्वास, पुनर्निर्माण र पुनर्वास योजना, तथ्यांक छपाई र सहयोग तथा सहायताप्रतिको धन्यवाद, जस्ता मुख्य मुख्य निर्णय गरेको छ । गरिएका निर्णयहरु कति कार्यान्वयन भए कति कार्यान्वयन चरणमा छन् कति कार्यान्वयनमा आएनन् सोको Follow up विवरण तयार गरेको पाईएन । | | | |
| | | **सडक मर्मतः-** जिल्ला दैवी प्रकोप उद्धार समितिको बैशाख १२ को पहिलो आकस्मिक बैठकको निर्णय नं. ६ बमोजिम जिल्ला स्थित विभिन्न क्षेत्रमा अवरुद्ध हुन गएको सडक खुलाई यातायात संचालन गर्ने प्रयोजनका लागि तत्काल व्यवस्थापन गर्ने र २०७२।१।१३ को निर्णय नं. ४ अनुसार घाइतेहरुको शिघ्र उद्धार गरि उपचार केन्द्रमा पुऱ्याउन र राहत वितरण, व्यवस्थापन एवं पुनर्वासको लागि तत्काल अवरुद्ध सडक प्रयोगमा ल्याउन ग्रामीण सडक मर्मत संभार गर्न जिविसबाट रु. १५ लाख व्यवस्था गर्ने निर्णय अनुरुप उक्त रकम आन्तरिक राजश्व आयबाट अवरुद्ध सडक संचालन गर्दाको मेशीनरी संचालनको ईन्धन वापत खर्च देहाय बमोजिम देखिएको छ । | | | |

| भौ.नं. | सडक विवरण | रकम |
|---|---|---|
| ५४ | घ्याम्पेसाल देखि चुरुङ्ग पहरेसम्म विभिन्न स्थान | १०००००/- |
| ९० | गोरखा आरुघाट सडक | ६०२८५/- |
| १०४ | आर्खेत क्येक सडक | २०७६०/- |
| ११४ | तिनमाने बाटो सफा गर्ने लगायत | ५०८८७/- |
| ११७ | सिम्जुङ्ग पोखराटार सौरपानी पशुपंक्षी पुर्न ३०० मी ट्र्याक कार्य | १९८८८०/- |
| ७७ | ढोडेनी केप्रुङ सडक मर्मत सरसफाई | २२३१७५/- |
| १०७ | मान्वु सडक पहिरो सफा | १०१२५०/- |
| ७० | अनसूची फाराम छपाई | १८९८४०/- |
| १२० | सिम्जुङ्ग घ्याच्चोक बाटो सफाई | २२१९५/- |
| | जम्मा | ९७६२७२/- |

| | | | | | |
|---|---|---|---|---|---|
| | | खर्चको तेरिज बमोजिम २०७२।३।२७ मा मान्वु गा.वि.स.ले पठाएको रु. ९ लाख अनुदान खर्च मध्ये रु ८ लाख ९० हजार मात्र खर्च गरेको देखिँदा खर्च नभई बाँकी देखिएको रु. १० हजार भूकम्प कार्यविधि २०७२ बमोजिम फिर्ता प्राप्त गरी बेरुजु खातामा दाखिला गर्नुपर्ने रु. | १००००।- | | |

जिल्ला दैवि प्रकोप उद्धार समितिको मिति २०७२।१।१३ को निर्णय तथा जि.वि.स. एकल बोर्डको निर्णयानुसार भूकम्पबाट प्रताडित नागरिकमा राहत, पुनःर्स्थापना लगायतका विषयको लागि पटक पटक गरी ६० लाख जि.वि.स. आन्तरिक राजश्व आय शिर्षकबाट खर्च लेखी उद्धार समितिलाई उपलब्ध गराएको देखिन्छ ।

**बेचल्तीका/निष्कृय खाता :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम ६० (१) ख मा जिल्ला विकास समितिले राख्नुपर्ने श्रेस्ताको ढाँचा एवं खर्चको वर्गीकरण र व्याख्या बमोजिम अनुसूची ६ ले निर्धारण गरेको खर्च शिर्षक अनुसार निर्धारित ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था छ । साथै स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ को दफा ४५ (२) बमोजिमको अनुसूची २३ को जिल्ला विकास कोषको रकम प्रवाह तालिका बमोजिम जिल्ला विकास समितिले खाता व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले जि.वि.स.को आय व्ययको कोष सञ्चालन गर्न आन्तरिक आम्दानीका लागि परिषद खाता र राजश्व बाँडफाँडतर्फ राजश्व बाँडफाँड खाता सञ्चालन गरि चालु र पूँजिगत प्रकृतिका खर्चहरु गर्ने गरेको सन्दर्भमा गा.वि.स.हरुलाई आन्तरिक आम्दानी बाँडफाँड अनुदान उपलबध गराएको रकम पुँजिगत खाताबाट अनुदान वितरण गर्नुपर्नेमा चालु खाताबाट समेत पर्न सक्ने अवस्था रहेको छ ।

कार्यालयमा गत विगतदेखी चलिआएको लेखाराख्ने प्रणालीलाई निरन्तरता दिइनु र नयां व्यवस्था अनुरुप लेखा नराखिनु नै यसको प्रमुख कारण हो । यसबाट कार्यालयको आर्थिक विवरणमा द्धिविधा सिर्जना हुनुको साथै स्थानीय निकायहरुले राख्ने लेखामा समेत तालमेल नहुने स्थिति पैदा हुन्छ । अतः कार्यालयमा प्राप्त हुने सबै प्रकारका आम्दानीलाई एउटै वास्केट फन्डमा राखी स्वीकृत कार्यक्रम र बजेट बमोजिमको रकम सम्बन्धीत खर्च शिर्षकमार्फत गर्नेतर्फ अविलम्ब कदम चाल्नुपर्ने देखिएको छ ।

**सञ्चित कोष दाखिला :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३३ मा फ्रिज नहुने भनी महालेखा नियन्त्रक कार्यालयले तोकेको उपशीर्षकहरुको हकमा बाहेक सालतमाम हुनुभन्दा कम्तिमा ७ (सात) दिन अगाडि नै सम्बन्धित कार्यालयले भुक्तानी दिनुपर्ने रकमहरु भुक्तानी दिई आर्थिक कारोबार बन्द गरी बांकी रकम कोष तथा लेखा नियन्त्रक कार्यालयमा फिर्ता पठाउनुपर्ने व्यहोरा उल्लेख छ । स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ४३ (६) मा नेपाल सरकारबाट प्राप्त कुनै अनुदान रकम फ्रिज गर्नुपर्ने भए फ्रिज गर्ने प्रयोजनको निमित्त सम्बन्धित निकायमा फिर्ता पठाईदिनुपर्ने उल्लेख छ ।

कार्यालयले देहायको कार्यक्रममा प्राप्त भएको बजेटमध्ये खर्च गरी वर्षान्तमा बाँकी रहेको मौज्दात रकम आन्तरिक राजश्व खातामा ट्रान्सफर गरेको देखियो ।

| सि.न. | कार्यक्रमको नाम | रकम ट्रान्सफरको व्यहोरा | ट्रान्सफर रकम |
|---|---|---|---|
| १. | विद्युत रोयल्टी | आगामी वर्ष कार्यक्रम गर्न | १००६७९०००।०० |

**अनुसूचीको प्रयोग –** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ६० (१) वमोजिम विभिन्न किसिमका अनुसूची फारामहरु राख्नुपर्ने व्यवस्था छ । कार्यालयले तोकिएका निम्न अनुसूचीहरु तथा फारामहरु अद्यावधिक गरी राखेको पाइएन ।

| | |
|---|---|
| अनुसूची १० | दैनिक आय शीर्षकगत कर संकलन खाता |
| अनुसूची ११ | लगती आय खाता (व्यक्तिगत खाता) |
| अनुसूची १२ | दैनिक कर प्राप्ति खाता |
| अनुसूची १४ | आन्तरिक श्रोतको लगती असूली विवरण |
| अनुसूची १५ | दैनिक कारोवार विवरण |
| अनुसूची २८ | आम्दानी खर्चको तुलनात्मक विवरण |
| अनुसूची ३१ | सम्पत्ती विवरण |
| अनुसूची ३५ | बैंक ग्यारेन्टीका अभिलेख खाता |
| अनुसूची ६२ | डोर हाजिरी नियन्त्रण खाता |
| अनुसूची ६७ | आइटमवाइज कार्य अभिलेख खाता |
| अनुसूची ७२ | खरिदको गुरुयोजना |

कार्यालय कामप्रतिको संवेदनशीलता तथा यसको उपयोगिता सम्वन्धमा व्यावसायिक हुन नसकेको कारण यी फारामको प्रयोग हुन नसेकेको देखिन्छ । उल्लेखित फारामहरुको प्रयोग नहुँदा कार्यालयको आन्तरिक नियन्त्रण व्यवस्थामा असर पर्ने स्थिति रहेको छ । तसर्थ नियमले तोकिदिएका फारामहरुको प्रयोग गरी व्यवस्थापकीय कार्य भरपर्दो बनाउनुका साथै आन्तरिक नियन्त्रण व्यवस्था प्रभावकारी बनाउनेतर्फ कार्यलयको ध्यान जानुपर्दछ ।

**कार्य सम्पादन जमानत :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ११८ (४) बमोजिम खरिद सम्झौतामा अन्यथा व्यवस्था भएकोमा वाहेक कार्यसम्पादन जमानतको मान्य अवधि त्यस्तो सम्झौतामा उल्लिखित मालसामान आपूर्ति वा हस्तान्तरण गर्नुपर्ने अन्तिम अवधि वा प्रत्याभूति (वारेन्टी) को अवधि वा निर्माण कार्यको त्रुटि सच्याउने दायित्व (डिफेक्ट लायबिलिटिज) को अवधि भन्दा कम्तीमा एक महिना बढी अवधिको हुनुपर्ने व्यवस्था छ । कार्यालयबाट सञ्चालन भएका विभिन्न निर्माण कार्यमा निर्माण व्यवसायीसँग सम्झौता गरेकोमा जारी भएका कार्यसम्पादन जमानत पत्र शर्त सहितको जमानतपत्र संलग्न गरेको पाइयो । तसर्थ कार्यसम्पादन जमानतको शर्त निर्धारित ढाँचामा प्राप्त गर्ने व्यवस्थातर्फ कार्यालय सजग हुनुपर्ने देखिएको छ ।

**कार्यतालिकाको अनुशरण –** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १११ को उपनियम १(ख) मा सम्झौता कार्यान्वयन सम्बन्धी कार्ययोजना र कार्यतालिका तयार गरी लागू गर्नुपर्ने व्यवस्था रहेकोछ ।

कार्यालयले यस आर्थिक वर्षमा विभिन्न योजनाहरु सञ्चालन गर्न निर्माण व्यवसायीहरुसंग सम्झौता गरेकोमा नियमावलीमा उल्लेख गरे अनुसार कार्यतालिका तयार गरेता पनि सो को अनुसरण अधिकांश निर्माण व्यवसायीले गरेको पाइएन । कार्यतालिकाको अनुसरण गरी सोको पूर्ण परिपालनाद्धारा समयमै कार्य सम्पादन गराउन सम्बन्धित निर्माण व्यवसायी र कार्यालयले समेत सम्वेदनशील ढंगले नलाग्दा यस्तो अवस्था आएको देखिन्छ । यसले गर्दा निर्माण कार्य समयमै सम्पन्न नहुनुका साथै निर्माण कार्यको लागत समेत बढ्न जाने देखिन्छ । तसर्थ कार्यालयले सम्बन्धित निर्माण व्यवसायीहरुलाई कार्यतालिका अनुसार कार्य गराउन यथेष्ट पहल गर्नुपर्ने देखिन्छ । जसका केही उदाहरण देहायअनुसार छन् :

| सि.नं. | कार्यक्रमको नाम | योजनाको नाम | निर्माण व्यवसायीको नाम |
|---|---|---|---|
| १. | भारतीय दुतावास | अमरज्योती जनता उमावि लुइटेल निर्माण | कोशी एण्ड न्यौपाने जयमाता जे.भी. |
| २. | | तुरतुरे हुँदै ठाँटीपोखरी सडक निर्माण | कन्काई त्रिशुली गोरखा एप्रोप्रियट |
| ३. | | भिमोदय बहुमुखी क्याम्पस आरुघाट निर्माण | शिद्धबाबा यु.एस.जे.भी |

**कन्टेन्जेन्सी :** स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९ को दफा १४ (१) मा जिल्ला विकास समितिको आफनो स्रोतवाट सञ्चालित वा अन्य निकायको कार्यक्रम/आयोजनालाई कार्यकुशलता, प्रभावकारिता तथा मितव्ययिताको सिद्धान्तअनुसार सञ्चालनमा सहयोग पुऱ्याउन पूँजीगत लगानीको समष्टिगत रकमवाट अनुसूची ९ मा उल्लेख भए वमोजिम 'क' 'ख' र 'ग' वर्गका जिल्लामा क्रमश ५, ४ र ३ प्रतिशत रकम छुट्याई खर्च गर्न सकिने र यस्तो खर्चको हिसाव अनुसूची १० बमोजिमको ढाँचामा राख्नुपर्ने व्यवस्था छ ।

कार्यालयले कार्यविधिको व्यवस्था अनुरुप कन्टेन्जेन्सी खाता र खर्चको विवरण राखेको छैन । कार्यविधिको पालना नगरी खर्च गर्ने तथा विनियोजित वजेटलाई मात्र आधार मान्ने तर कार्यक्रममा हुने यथार्थ खर्चको अनुमान नगरी खर्च गर्ने, वजेट फ्रिज हुने अवस्थामा पनि कन्टिजेन्सी खर्च गरिहाल्न सहज वातावरण तयार गर्नका लागि कन्टिजेन्सी खातामा खर्चमा वृद्धि भएको देखिन्छ । सम्वन्धीत योजनाको अनुगमन, मूल्यांकन, रेखदेखको लागि कन्टिजेन्सी खर्च नहुने, पूँजिगत लगानीको समष्टिगत रकम भन्दा वढी खर्च हुने, वजेट फ्रिज नगराउन वढी खर्च हुने, वास्तविक योजनाको लागि भन्दा अन्य प्रयोजनको लागि खर्च हुने, कार्यविधिले तोकेका अनुसूची अनुसारको ढांचामा खर्च विवरण नराख्नाले वास्तविक कति खर्च हुन गयो सो को अभिलेख नदेखिने जस्ता प्रभाव रहन्छ । तसर्थ, कार्यविधिले तोकेको विधि र प्रक्रियाबमोजिम कन्टेन्जेन्सी खाता र खर्च सम्बन्धि कार्ययोजना परिषदबाट परित गराई तोकिएका क्रियाकलापमा खर्च गर्ने परिपाटीको विकास कार्यालयले गर्नुपर्ने देखिन्छ ।

<table>
<tr><td></td><td></td><td>

**आन्तरिक नियन्त्रण प्रणाली मूल्यांकन** – कुनैपनि कार्यालयले आफुले सम्पादन गर्ने कार्यहरु मितव्ययी, कार्यदक्ष र प्रभावकारी ढंगबाट सम्पादन गर्न, वित्तिय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन तथा प्रचलित कानूनबमोजिम कार्यसम्पादन गर्न आ-आफ्नो कामको प्रकृतिअनुसारको उपयुक्त आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्दछ । जसलाई आर्थिक कार्यविधि नियमावलीले समेत व्याख्या गरेको छ ।

लेखापरीक्षणको क्रममा कार्यालयको आन्तरिक नियन्त्रण प्रणालीको मूल्यांकनका लागि भरिएको अनुसूची २१ को चेकलिष्ट अनुसार देखिएका व्यहोराहरु निम्न छन् :

<table>
<tr><th>क्र.सं.</th><th>विवरण</th><th>कैफियत</th></tr>
<tr><td>१</td><td>वार्षिक खरिद योजना बनाएको</td><td>निर्धारित ढाँचामा नहुनुका साथै अपूर्ण रहेको</td></tr>
<tr><td>२</td><td>स्पेसिफिकेशन अनुसार सामाग्री समयमा नै प्राप्त गरेको</td><td>छैन</td></tr>
<tr><td>३</td><td>मूल्य नखुलेका पुराना सामानको मूल्य कायम गराई राखेको</td><td>अन्यत्रबाट हस्तान्तरण भै आएका साथै अन्य सामानहरुको मूल्य नखुलेको</td></tr>
<tr><td>४</td><td>कार्यविवरण तयार गरी कर्मचारीहरूलाई अधिकार र जिम्मेवारी दिएको</td><td>छैन</td></tr>
<tr><td>५</td><td>राजस्व प्राप्ती वा आम्दानी गर्दा नगदी रसिद प्रयोग गरेको र रसिद नियन्त्रण खाता राखेको</td><td>रसिद नियन्त्रण खाता नरहेको</td></tr>
<tr><td>६</td><td>सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ बमोजिम तालुक कार्यालयले निरीक्षण गरेको</td><td>मातहत कार्यालयहरुको समय समयमा निरीक्षण हुने गरेको भएतापनि व्यवस्थित प्रतिवेदन र अभिलेखको व्यवस्था नरहनुका साथै निरीक्षणको क्रममा दिइएका निर्देशनहरुको परिपालना गराउने तर्फ पहल गरेको पाइएन</td></tr>
<tr><td>७</td><td>कार्यालय/आयोजनाले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरू पहिचान गरेको</td><td>छैन</td></tr>
</table>

</td><td></td><td></td><td></td></tr>
<tr><td></td><td></td><td>

**राजश्व बाँडफाँड (३६७०१५३)**

गत बर्षको मौज्दात ९११२५८८७०३, यस वर्षको आय १६०७५५२९२। समेत जम्मा रु. २५१८८११७९।०३ आम्दानी गरी आन्तरिक राजश्वतर्फ रु. ९०२०००००। ट्रान्सफर गरी रु. १६१६८११७०३ बाँकी रहेको छ ।

</td><td></td><td></td><td></td></tr>
<tr><td></td><td>१९।०७१।९।२८</td><td>विद्युत रोयल्टीबाट यो वर्ष प्रकाशित सूचना बमोजिम प्रतिस्पर्धात्मक रुपले विद्युत स्टिल पोल खरिद गर्न छनौट भएको भगवति स्टिल इण्डष्ट्रिज प्रा.लि.सँग २०७१।७।२८ मा देहाय बमोजिमका ग्यालव्नाईज्ड स्टिल टियूवलर पोल्स कुल लागत अनुमान रु. १७४३८१७४। मा</td><td></td><td></td><td></td></tr>
</table>

कम्पनीको विड रु. १३२०७१९७ (मु.अ.क.) समेतको वोलपत्र स्वीकृत गरी खरिद वापत सोही वरावरको रकम भुक्तानी गरेको छ । सबै पोल्सहरु २०७१।११।२७ भित्र आपुर्ति गर्ने कार्यतालिका रहेकोमा २०७१।९।८ मा प्राप्त भई १० मिटर र ८ मिटरका पोलहरु नेपाल विद्युत प्राधिकरण गोरखा शाखालाई उपलब्ध गराएको छ । अघु जलविद्युतको लागि खरिद भएको १५५ थान प्रतिथान ८८००। ले मु.अ.क.समेत रु. १५४१३२०। वरावरका पोल्सहरु वितरण तथा उपयोगमा नल्याई मौज्दात रहेको अवस्थामा छ । भुकम्पमा कारण तत्काल उपयोगमा ल्याउन नसकेको जानकारी कार्यालयले उपलब्ध गराएको छ । अतः मौज्दात पोल्सहरु जून प्रयोजनका लागि खरिद भएको हो प्रयोग गरी गुणस्तरमा ह्रास नहुने गरी तत्काल प्रयोगमा ल्याउन आवश्यक छ । खरिद भएका पोल्सहरुको Strengthness जाँचको गुणस्तरीय परीक्षणका आश्वस्तताको स्थिति भने यकिन गर्न सकिएन ।

| खरिद विवरण | प्रतिदर रु. | रकम रु. | मौज्दात परिमाण |
|---|---|---|---|
| १० मी. ५३५ थान | १६१५१। | ८६४०७८५। | ० |
| ८ मी. १७० थान | ९९००। | १६८३०००। | ० |
| ७ मी. १५५ थान | ८८००। | १३६४०००। | १५५ थान |
| मु.अ.क. रकम | - | १५१९४१२। | - |
| जम्मा | - | १३२०७१९७ | - |

**आन्तरिक राजश्वः**

स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९ को अनुसूचि १० मा कन्टिन्जेन्सी खर्चको अभिलेख राख्नुपर्ने व्यवस्था छ । कार्यालयले दैनिक भ्रमणभत्ता भुक्तानी तथ कार्यालय सामान खरिद गरी कन्टिन्जेनसीबाट खर्च लेखेकोमा सो खाता अद्यावधिक नगरी आंशिक रुपमा राखेको पाइएकोले नियमानुसारको कन्टिन्जेन्सी खाता अद्यावधिक राख्नेतर्फ ध्यान दिनपर्ने देखिन्छ ।

स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०५६ को नियम ७०(झ) मा बढी जटिल प्राविधिक पक्ष समेत समावेश भएको र मेशिनरीको बढी प्रयोग हुने काम वाहेक सामानयतया श्रम प्रधान प्रविधि अपनाइने आयोजना वा कार्यक्रम मात्र उपभोक्ता समितिमार्फत गरिने व्यवस्था छ । त्यस्तै स्थानीय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९ को परिच्छेद ४ को २५ (२४) मा आयोजन कार्यान्वयन गर्दा स्थानीय स्रोत साधन र श्रमशक्तिको अधिकतम परिचालन गर्नुपर्ने व्यवस्था भएकोमा उपभोक्ता

समितिमार्फत निर्माण गरिएका सवै सडक, मार्गहरुमा हेभि इक्विपमेण्ट भाडामा लिई प्रयोग गरेको पाइयो । अतः नियमको परिपालना गर्ने गराउनेतर्फ ध्यान जान जरुरी देखिन्छ । मेशिन प्रयोगका केही उदाहरण निम्नानुसार छन्:

| भौ.नं. | कामको किसिम | उपभोक्ता समिति | काम भएको | भुक्तानी रकम | खर्चमध्ये मेसिन भाडा |
|---|---|---|---|---|---|
| ८६।०७२।३।२१ | भगवती सिमलचोक वाटो | निर्माण उपभोक्ता समिति तान्द्राङ | २३४५७५।०० | २००००। | ९१२७७५।०० |
| ९१।०७२।३।२२ | ज्यामिरेघात आँपचौर सडक | निर्माण उपभोक्ता समिति, घ्याल्चोक | २४८०७४।०० | २००००। | ९४१७५।०० |
| ९२।०७२।३।२३ | राङरुङ पोखरी सडक | निर्माण उपभोक्ता समिति, बारपाक | २४६८१३।४७ | २००००। | १३६८१३।४७ |
| ९८।०७२।३।२५ | महटार, वासपुर सडक | सडक उपभोक्ता समिति, गांखु | २३६३६७।०० | २००००। | १८००००।०० |

**आन्तरिक आय/परिषद खर्च खाता (५०५८११३) तर्फ**

स्थानीय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली २०५६ को नियम १०१ (ग) भ्रमण वा काजमा खटाउँदा अनुसूची १५५ को ढाँचामा अभिलेख राख्नुपर्ने व्यवस्था छ । कार्यालयले काज, भ्रमणमा खटाएका कर्मचारीहरुको भ्रमण अभिलेख खाता अद्यावधिक गरिरहेको पाइएन । अतः नियमको व्यवस्था अनुरुप भ्रमण अभिलेख खाता अद्यावधिक गराउनुपर्दछ । विभिन्न कर्मचारीलाई अनुगमन मूल्यांकन वापत दैनिक भ्रमण भत्ता भुक्तानी गर्ने गरेको छ । अतः अनुगमनमा काज खटिने कर्मचारीलाई भ्रमण प्रतिवेदन लिई  भुक्तानी गर्ने व्यवस्था मिलाउनुपर्दछ ।

१२।२०७१।५।२६ — नितु चमेनागृहलाई साउन महिनाको खर्च रु. ७१२१० (कर वाहेक) भुक्तानीमा खर्च लेख्ने स्पष्ट आधार नदेखिएकोल खर्च नियमित गर्नुपर्ने भनि आन्तरिक लेखापरीक्षण प्रतिवेदनबाट औंल्याइएकोमा नियमित नभएको रु. — ७१२१०।००

| विल नं. | मिति | रकम |
|---|---|---|
| ५७ | २०७१।४।१ | ४४६०/- |
| ६१ | २०७१।४।२ | ४७०५/- |
| ७२ | २०७१।४।५ | ४७४०/- |
| ७४ | २०७१।४।९ | ४९३०/- |

<table>
<tr><td></td><td></td><td>
<table>
<tr><td>७५</td><td>२०७१।४।१४</td><td>४८६०/-</td></tr>
<tr><td>७८</td><td>२०७१।४।१५</td><td>४९२०/-</td></tr>
<tr><td>७९</td><td>२०७१।४।१६</td><td>४५५०/-</td></tr>
<tr><td>८०</td><td>२०७१।४।१८</td><td>४७६०/-</td></tr>
<tr><td>८२</td><td>२०७१।४।२०</td><td>४९५०/-</td></tr>
<tr><td>८३</td><td>२०७१।४।२१</td><td>४८१०/-</td></tr>
<tr><td>८५</td><td>२०७१।४।२२</td><td>४९९०/-</td></tr>
<tr><td>९३</td><td>२०७१।४।२६</td><td>४९३०/-</td></tr>
<tr><td>९९</td><td>२०७१।४।२७</td><td>४९२०/-</td></tr>
<tr><td>१०१</td><td>२०७१।४।२९</td><td>४८९०/-</td></tr>
<tr><td>१०३</td><td>२०७१।४।३०</td><td>४८८०/-</td></tr>
<tr><td></td><td></td><td>७२२९५/-</td></tr>
</table>
</td><td></td><td></td><td></td></tr>
<tr><td></td><td>११।२०७२।३।१३</td><td>जि.वि.स. वोर्ड वैठकको मिति २०६३।१०।३ को निर्णय नं. २७ अनुसार निम्न अनुसार कैफियत देखिएकोले कर्मचारकिो विशेष भत्ता असूल गर्नुपर्ने भनि आन्तरिक लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएकोमा असूल भएको नदेखिएको रु
<table>
<tr><td>सि.नं.</td><td>कर्मचारीको नाम</td><td>रकम</td></tr>
<tr><td>१</td><td>ले.अ. मोदनाथ आम्गाई</td><td>१४७०।</td></tr>
<tr><td>२</td><td>ना.सु. जनुका कुँवर</td><td>११८८।</td></tr>
<tr><td>३</td><td>ख. रिता अधिकारी</td><td>११८८।</td></tr>
<tr><td>जम्मा</td><td></td><td>३८४६।</td></tr>
</table>
</td><td>३८४६।००</td><td></td><td></td></tr>
<tr><td></td><td></td><td>पेश्की: स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १८२ (३) अनुसार पेश्की रकमको फांटवारी पेश गरी फछ्यौंट गर्नु गराउनपर्ने व्यवस्था छ। यस आर्थिक वषंको अन्त्यसम्ममा पनि फछ्यौंट नभएको रु. २५५४१२००।०० पेश्की बाकी रहेको छ। पेश्की फछ्यौंट गर्नुपर्ने रु.</td><td>२५५४१२००।००</td><td></td><td></td></tr>
</table>

| क.सं. | पेश्की लिनेको नाम | रकम |
|---|---|---|
| **क.सामाजिक सुरक्षा (व.शि.नं. ३६५०१५३) तर्फ** | | |
| १. | गोरखा न.पा | ५१३६८००.०० |
| २. | पालुङटार न.पा | ५३१४४००.०० |
| ३. | बुंकोट | ३२०००.०० |
| ४. | अश्राङ | ७९३६००.०० |
| ५. | बोर्लाङ | १२०३६००.०० |
| ६. | बक्राङ | ७५७२००.०० |
| ७. | घ्याल्चोक | २०००.०० |
| ८. | ताङ्लीचोक | ७१०८००.०० |
| ९. | देउराली | १२००.०० |
| १०. | मिरकोट | ६००००.०० |
| ११. | हर्मी | ९००४००.०० |
| १२. | जौवारी | ८४६०००.०० |
| १३. | सौरपानी | ११२५६००.०० |
| १४. | मान्बु | १३६२०००.०० |
| १५. | आरुचनौटे | ५९७२००.०० |
| १६. | आरुअर्वाङ | १०३९२००.०० |
| १७. | ल्हो | १२५२००.०० |
| १८. | सामागाउँ | १४०८००.०० |
| १९. | छेकम्पार | २७६०००.०० |
| | **जम्मा (क)** | **२०४२४४००।००** |
| **ख) विकेन्द्रित ग्रामिण पुवाधार तथा जिविकोपाजंन सुधार कायंक्रम** | | |
| २०. | ह.स.चा. शिवकुमार खड्का | ७५००।०० |
| २१. | जिल्ला प्रहरी कार्यालय | ८०४००।०० |
| | **जम्मा (ख)** | **८७९००।००** |
| **ग) भोलुगेपुल क्षेत्रगत कायंक्रम** | | |
| २२. | मनासलु कन्स्ट्रक्सन | ७८८००.०० |
| | **जम्मा (ग)** | **७८८००.००** |
| | | |
| **घ) जि.वि.स. अनुदान चालु** | | |
| २३. | जनुका कुँवर | १२५०००.०० |

| | | |
|---|---|---|
| २४. | कल्पना दवाडी | ११८५००.०० |
| २६. | कृष्ण रिजाल | ९९०००.०० |
| | **जम्मा (घ)** | **३४२५००.००** |

**ङ) स्थानीय स्तरका सडक पुल तथा सामुदायिक पहुँच कार्यक्रम ३६५८३१४**

| | | |
|---|---|---|
| एडभेन्चर धनथान जे.भी. | | ३४१५०००.०० |
| भिमज्योती प्रा.लि. भरतपुर | | ९०५०००.०० |
| | **जम्मा (ङ)** | ४३२००००.०० |
| **(च) आन्तरिक आयतर्फः** | | |
| का.स.गोविन्द चौधरी | | १००००।०० |
| सुसन निर्माण सेवा | | ११७६००।०० |
| | | |
| **(छ) उपेक्षित उत्पीडित दलित वर्ग उत्थान विकास समिति** (३६५१०६३) | | |
| रिता अधिकारी | | १६००००.०० |
| | **जम्मा (च)** | **१६००००।००** |
| | **कुल जम्मा ( क+ख+ग+घ+ङ+च+छ)** | २५५४१२००।०० |

**जिल्ला यातायात गुरुयोजनाः** कृषि तथा स्थानीयस्तरका सडक (स्थानीय यातायात पूर्वाधार क्षेत्रगत कार्यकर्म कार्यान्वयन निर्देशिका, २०६३ (पहिलो संशोधन) को दफा ५.२ मा जिल्ला तथा नगर यातायात गुरु योजनामा प्राथमिकतामा परेका स्थानीय जनताको आधारभूत सेवा तथा अवसरमा पहुँच अभिवृद्धि गर्ने सडकहरुको छनौट गरी निर्माण गर्नुपर्ने व्यवस्था छ ।

कार्यालयबाट जिल्ला तथा नगर यातायात गुरुयोजना अद्यावधिक नभईसकेको जानकारी प्राप्त हुन आयो । यसप्रकार गुरुयोजना तयारी तथा अद्यावधिक कार्यमा संवेदनशील नहुनुमा सडकहरुमा हुने बजेट विनियोजनमा पहुँच र प्रभावका आधारमा बजेट विनियोजन गरिनु नै प्रमुख कारण देखिन्छ । जसबाट प्राथमिकतामा नपरेका सडकहरुलाई बजेट विनियोजन हुनसक्ने र गुरुयोजनामा परेका सडकहरुको लागि बजेट कम भई समयमै कार्य सम्पन्न गर्न कठिनाई हुने अवस्था आइपर्दछ । गुरुयोजनामा परेका

| | | | | | |
|---|---|---|---|---|---|
| | | योजनाहरुलाई प्राथमिकता दिई बजेट विनियोजन गर्ने तथा निर्देशिकाले गरेको व्यवस्थाको पूर्ण परिपालना हुने पद्धतिको विकास गर्नका लागि गुरुयोजनाको तर्जुमा एवं अद्यावधिक गर्ने कार्यमा कार्यालयले ध्यान पुर्‍याउनुपर्ने दखिन्छ । | | | |
| | | **वेरुजु फछ्र्यौट:** प्राप्त विवरण अनुसार रु. १६९९२५०००। वेरुजु रहेकोमा रु.९५७८००००। फछ्र्यौट भई रु.७४१४५०००। वांकी देखिन्छ । वांकी वेरुजु फछ्र्यौट गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ । | | | |
| | | अन्य वजेट उपशीर्षकमा उल्लेखनीय वेरुजु नदेखिएको । | | | |